# सुन्दरबजार नगरपालिकाको

## नीति तथा कार्यक्रम २०८०/८१




सुन्दरबजार नगरपालिका

गण्डकी प्रदेश

नेपाल

## सुन्दरबजार नगरपालिका

## नगरकार्यपालिकाका प्रमुख, उपप्रमुख र सदस्यहरू



कृष्णप्रसाद कोइराला
नगर प्रमुख



भवानी के.सी.
उपप्रमुख



कर्णबहादुर गुरुङ
वडाध्यक्ष, वडा नं. १



नविनकुमार श्रेष्ठ
वडाध्यक्ष, वडा नं. २



अमृत नेउपाने
वडाध्यक्ष, वडा नं. ३



कृष्णप्रसाद अधिकारी
वडाध्यक्ष, वडा नं. ४



श्रीकाजी गुरुङ
वडाध्यक्ष, वडा नं. ५



दिनेशबाबु कोइराला
वडाध्यक्ष, वडा नं. ६



जयराम रेग्मी
वडाध्यक्ष, वडा नं. ७



बिजेन्द्र थापा
वडाध्यक्ष, वडा नं. ८



मनराज गुरुङ
वडाध्यक्ष, वडा नं. ९



दिपकराज ढकाल
वडाध्यक्ष, वडा नं. १०



ओमबहादुर दुरा
वडाध्यक्ष, वडा नं. ११



इन्दु अधिकारी
कार्यपालिका सदस्य



राजेन्द्र बि.क.
कार्यपालिका सदस्य



राधिका अधिकारी भट्टराई
कार्यपालिका सदस्य



राधा मल्ल
कार्यपालिका सदस्य



कृष्णबहादुर दुरा
कार्यपालिका सदस्य



बिलबहादुर घर्ती
कार्यपालिका सदस्य



भगवतिदेवी बि.क.
कार्यपालिका सदस्य



सुकमाया गुरुङ
कार्यपालिका सदस्य

**सुन्दरबजार नगरपालिकाको नीति तथा कार्यक्रम २०८०/८१**


| | | |
|---|---|---|
| सर्वाधिकार | : | प्रकाशकमा |
| सेटिङ् | : | गोविन्दप्रसाद रेग्मी |
| प्रकाशक | : | सुन्दरबजार नगरपालिका |
| इमेल | : | info@sundarbazarmun.gov.np |
| मुद्रक | : | बन्धु अफसेट प्रेस, पोखरा-९, नयाँ बजार |
| | | ०६१-५८२३४४/९८५६०३५९४२ |
| इमेल | : | bandhupress@gmail.com |

# नगर प्रमुखको मन्तव्य



सुन्दरबजार नगरपालिकाको आर्थिक बर्ष २०८०/८१ को बार्षिक नगर विकास योजनालाई पुस्तकाकारको रूपमा नगरवासी महानुभावहरू समक्ष पेश गर्न पाउँदा नगरपालिका परिवार सबै सरोकारवालाहरूप्रति हार्दिक कृतज्ञता एवं आभार प्रकट गर्दछु ।

विकास प्रकृयालाई समयानुकुल बनाई सहभागितात्मक विकास प्रक्रियाका चरणलाई आत्मसाथ गर्ने र श्रमलाई उत्पादनसँग जोड्नका लागि अधिकाधिक समावेशी योजना तर्जुमा प्रकृयालाई अबलम्बन गरी यो बार्षिक नगर विकास योजना तयार पारिएको छ ।

नगरपालिकाभित्र उपलब्ध श्रोत तथा साधनको दीगो व्यवस्थापनमा जोड दिंदै प्राथमिकीकरणका आधारमा योजना तथा कार्यक्रम संचालन गर्न सदैव नगरपालिका, नगर कार्य समिति क्रियाशिल रहने प्रतिबद्धता जाहेर गर्दछु ।

मिति २०७९ वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट दोश्रो कार्यकालमा जनप्रतिनिधिको रूपमा नगरपालिको प्रमुखको कार्यभार सम्हालेसँगै नगरपालिकाको समग्र विकास, आम व्यक्तिहरूले पाउने सेवा सुविधा र आन्तरिक व्यवस्थापनलाई प्राथमिकतामा राखेर काम गर्दै आएको अवगत गराउन चाहन्छु ।

सर्वसाधारणसम्म सेवा र सुविधा पुग्न सकोस् भन्ने हेतुले मलामी सहितको शववाहन सञ्चालन, छोरीको नाममा बैंक खातामा रकम, एम्बुलेन्स खर्च, विपन्न नागरिकको निःशुल्क स्वास्थ्य विमा, कृषि उत्पादनमा जोड, पूर्वाधारको विकास, स्वास्थ संस्थाको सुदृढीकरण जस्ता कुराहरूमा अघिल्लो बर्ष उल्लेख्य प्रगति भएको जानकारी गराउँदै यस आर्थिक बर्षमा ती विषयहरूलाई अझै सुदृढीकरण गर्दै नगर विकासका अन्य योजनाहरू अगाडि सारिएको छ ।

विकास प्रक्रिया बुहआयामिक र बहुक्षेत्रीय पक्षबाट प्रभावित बन्ने भएको हुँदा यससँग सम्बद्ध सबै पक्षको सहकार्य र साझेदारीमा कार्यान्वयन गर्न सकिएमा मात्र स्थानीय स्तरमा अपनत्व सिर्जना हुने भएकोले विकासलाई मानवीय अनुहारमा परिवर्तन गर्ने गरी कार्यान्वयन गर्न सकिन्छ । तसर्थ सबैको संलग्नता, सकारात्मक सुझाव, सहयोग र साझेदारीलाई आत्मसात गरिने छ ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, स्थानीय तहका एकल अधिकार, साझा अधिकारको सूची, संघीय सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम एवं परिपत्र समेतका आधारमा आफ्नो माटो र भूगोल सुहाउँदो नीति तथा कार्यक्रम तय गरी सोही अनुसार बजेटको व्यवस्थापन गरिएको छ ।

लोकतन्त्रलाई संस्थागत गर्दै स्थानीय तहले प्रदान गर्ने सेवा सुविधाहरू आम नागरिक समक्ष पुऱ्याउन, सुन्दरबजार नगरपालिकालाई समृद्धितर्फ उन्मुख गराउन सीमित श्रोत साधनका बाबजुद अधिकतम उपलब्धी हाँसिल गर्न स्रोत र साधनको समुचित परिचालन र प्रयोग गर्नुपर्ने अवस्था रहेको छ ।

नगरवासीका आवश्यकतालाई समेत मध्यनजर गर्दै शिक्षा, स्वास्थ्य, रोजगारी सिर्जना, कृषि उत्पादन, सडक पूर्वाधार विकास, पर्यटनको विकास लगायत केहि नगरका गौरवका योजनालाई समेत यस बर्ष समेटिएको छ ।

नागरिकलाई छिटो, छरितो र सुविधाजनक तवरवाट पारदर्शी रूपमा गुणस्तरीय सेवा सुविधा पुऱ्याउनु हाम्रो प्रथम दायित्व हो ।

अन्त्यमा नगरपालिकाको एक्लो प्रयासबाट मात्र लक्ष्यमा पुग्न नसकिने र स्थानीय तहमा पक्ष र प्रतिपक्षको समेत कल्पना नगरिएको हुँदा नगर विकासको अभियानमा सम्पूर्ण राजनीतिक दल, संघसंस्था, सञ्चार जगत, विषयगत समितिका पदाधिकारी, कर्मचारी साथीहरू एवं नगरवासी बा आमा, दाजुभाइ, दिदी बहिनीहरूलाई नगर विकासको अभियानमा जुट्न आग्रह गर्दछु । साथै, नगरपालिकाको १२औं अधिवेशन तथा नगर सभा सफलतापूर्वक सम्पन गर्न सहयोग गर्नुहुने सम्पूर्ण नगरसभा सदस्यज्यूहरू तथा सम्बन्धित सबैमा हार्दिक धन्यबाद व्यक्त गर्दछु ।

**कृष्ण प्रसाद कोइराला**
**प्रमुख**

# उप प्रमुखको मन्तव्य



सुन्दरबजार नगरपालिकाले पालिकाको १२ औं अधिवेशन तथा नगर सभाबाट स्विकृत आर्थिक बर्ष २०८०/८१ को वार्षिक कार्यक्रमलाई समेटेर नगरवासी बा आमा, दाजुभाइ, दिदी बहिनीहरू समक्ष पुस्तकको रूपमा पेश गर्न पाउँदा सरोकारवालाहरूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

नगरपालिकाभित्र उपलब्ध श्रोत तथा साधनको उपयोग गर्दै प्राथमिकीकरणका आधारमा योजना तथा कार्यक्रम संचालन, गुणस्तरीय निर्माण कार्य, सेवाग्राही मैत्री बातावरण निर्माण, न्यायमुलक समाज निर्माणप्रति नगरपालिका प्रतिबद्ध रहेको छ ।

नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा नगरको समग्र विकास प्रयासमा आम नगरबासीको अपनत्व स्थापित गर्न नगरवासीको सहभागिता बढाउने प्रयास गरिएको छ । शिक्षा, स्वास्थ्य, रोजगारी सिर्जना, कृषि उत्पादन, सडक पूर्वाधार विकास, महिला उद्यमी प्रवर्द्धन लगायत कार्यक्रकहरूलाई महत्व दिईएको छ ।

नागरिकलाई छिटो, छरितो र सुविधाजनक तवरवाट पारदर्शी रूपमा गुणस्तरीय सेवा सुविधा पुऱ्याउनु हाम्रो प्रथम दायित्व हो ।

आर्थिक वर्ष २०८०/८१ को वजेट तथा कार्यक्रम तर्जुमाको शिलशिलामा विशेष मार्गदर्शन गर्नुहुने आदरणिय नगर प्रमुखज्यू प्रति हार्दिक आभार प्रकट गर्दछु । त्यसै गरी कार्यक्रम निर्धारण तथा वजेट विनियोजनमा सक्रियतापूर्वक सहयोग गर्ने प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरू प्रति हार्दिक धन्यवाद दिन चाहन्छु । मुलत उपप्रमुखको हैसियतमा मैले पेश गरेको वजेट तथा कार्यक्रम स्वीकृत गर्ने नगर कार्यपालिका तथा नगर सभा प्रति हृदय देखि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा नगरपालिकाको एक्लो प्रयासबाट मात्र लक्ष्यमा पुग्न नसकिने भएकोले नगर विकासका लागि सम्पूर्ण राजनीतिक दल, जनप्रतिनिधिहरू, कर्मचारीहरू , संघसंस्था, सञ्चार जगत एवं नगरवासी बा आमा, दाजुभाइ, दिदी बहिनीहरूलाई नगर विकासमा हातेमालो गर्न आग्रह गर्दछु । साथै, नगरपालिकाको १२ औं अधिवेशन तथा नगर सभा सफलतापूर्वक सम्पन गर्न सहयोग गर्नुहुने सम्पूर्ण नगरसभा सदस्यज्यूहरू तथा सम्बन्धित सबैमा हार्दिक धन्यबाद व्यक्त गर्दछु ।

**भवानी के.सी**

**उप प्रमुख**

# प्रमुख प्रशासकीय अधिकृतको मन्तव्य



सुन्दरबजार नगरपालिकाले पालिकाको १२ औं अधिवेशन तथा नगर सभाबाट आर्थिक बर्ष २०८०/८१ को बजेट, नीति तथा कार्यक्रम, निर्णय तथा अन्य जानकारीमूलक विषयलाई समेटेर पुस्तक प्रकाशन गर्न लागेको छ ।

नगरपालिकाको दायित्व भनेको नेपाल अधिराज्यको संविधानको अनुसूची ८ मा उल्लेख भएका स्थानीय तहका एकल अधिकारको सूची, अनुसूची ९ मा उल्लेखित साझा अधिकारको सूचीलाई आत्मसात गर्दै नगरवासीलाई अधिकतम सेवा सुविधा प्रदान गर्नु हो ।

नगरपालिकाको आन्तरिक श्रोत, संघ र प्रदेशबाट विनियोजित बजेट, मौज्दात रकमलाई समेत मिलान गरी चालु आर्थिक बर्ष २०८०/८१ को बजेट तर्जुमा गरिएको छ । जसलाई नीति तथा कार्यक्रमको आधारमा प्रयोग गर्नको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ र स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन समेतका आधारमा नगरपालिकाको भौगोलिक अवस्था र आम सर्वसाधारणको मागलाई मध्यनगर गरिएको छ । नगरका समग्र योजनाहरूलाई Sub-National Treasury Regularity Application SUTRA मा आधारित कम्प्युटर लेखा प्रणालीमा राखिएको हुँदा सेवा सुविधामा अझै सहज हुनेछ ।

चालु आर्थिक बर्षको नीति तथा कार्यक्रम र बजेटलाई १२ औं अधिवेशन तथा नगर सभामा छलफल भई कार्यान्वयनमा ल्याइएको छ । वडाहरूको माग समेतलाई मध्यजनर गर्दै वडाको जनसंख्या, भूगोल, राजश्व लगायत विभिन्न आधारहरूमा बजेटको सिमा निर्धारण गरिएको छ । वडाले प्राथमिकतामा राखेर सिफारिस गरेका र नगरपालिकाले आवश्यक ठानेका मुख्य विषयलाई नगरपालिकाको गौरवको योजनाको रूपमा समेटिएको छ ।

नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा नगरको समग्र विकास प्रयासमा आम नगरबासीको अपनत्व स्थापित गर्न नगरवासीको सहभागिता बढाउने प्रयास गरिएको छ । नगरवासीलाई सहज होस् भन्ने अभिप्रायले नगरपालिकाले छिटो, छरितो र झन्झट रहित सेवा प्रवाहमा विशेष ख्याल गरिरहेको छ ।

यस पुस्तकबाट चालु आर्थिक बर्षको नीति तथा कार्यक्रम र बजेट विनियोजनबारे सुन्दरबजारका आम नागरिकहरू सुसूचित भई, कार्यक्रम संचालनमा चनाखो समेत रही अर्थपूर्ण सहभागिता जनाउनु हुनेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा बजेट, नीति तथा कार्यक्रम निर्माणमा महत्वपूर्ण मार्गदर्शन र सहयोग गर्नुहुने नगर प्रमुखज्यू, उपप्रमुखज्यू, नगरसभा सदस्यज्यूहरू, विषयगत समिति लगायत सम्पूर्ण कर्मचारी साथीहरूलाई धन्यबाद दिन चाहन्छु । साथै आफ्नो वडा र नगरको नीति तथा कार्यक्रम र बजेट अनुसार कार्यक्रम कार्यान्वयनमा संवेदनशिल र जिम्मेवार भएर लाग्न सम्पूर्ण सरोकारवालाहरूलाई आग्रह गर्दछु ।

**शिशिर पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**

# विषयसूची


| | | |
|---|---|---|
| १. | सुन्दरबजार नगरपालिकाको परिचय | १ |
| २. | आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम | ३ |
| ३. | आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्य | १८ |
| ४. | अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८० | ३० |
| ५. | आर्थिक वर्ष २०८०/८१ को विनियोजन ऐन | ६० |
| ५.१. | सुन्दरबजार नगरपालिकाका नगर गौरवका योजना | ६२ |
| ५.२ | सुन्दरबजार नगरपालिकाका कर्मागत योजना | ६२ |
| ५.३ | सुन्दरबजार नगरपालिकाका विषयगत समितिका बजेट तथा योजना | ६३ |
| ५.४ | सुन्दरबजार नगरपालिकाको वडागत बजेट सिमा | ७१ |
| ५.५ | सुन्दरबजार नगरपालिकाका वडास्तरीय बजेट तथा योजना | ७२ |
| ५.६ | सुन्दरबजार नगरपालिकाको चालु खर्च शिर्षक तथा बजेट रकम | ८० |
| ६. | सुन्दरबजार नगरपालिका क्षेत्रमा परेका संघीय सरकारका योजना | ८४ |
| ७. | सुन्दरबजार नगरपालिका क्षेत्रमा परेका प्रदेश सरकारका योजना | ९१ |
| ८. | सुन्दरबजार नगरपालिकामा सञ्चालन हुने गै.स.स. का कार्यक्रमहरू | ९२ |
| ९. | सुन्दरबजार नगरपालिकाको नगर सभाको १२ औं अधिवेशनका निर्णय | ९३ |
| १०. | स्वास्थ्य संस्था र विद्यालयको सम्पर्क नम्बर | ९६ |
| ११. | सुन्दरबजार नगरपालिकाका नगरसभा सदस्यहरूको नाम तथा सम्पर्क नम्बर | १०० |
| १२. | लमजुङ जिल्लाका कार्यालय प्रमुखहरू | १०२ |

# सुन्दरबजार नगरपालिकाको परिचय

सुन्दरबजार नगरपालिका गण्डकी प्रदेशमा अबस्थित नेपालको एक स्थानीय तह हो । यस नगरपालिकालाई संघीय राजधानी काठमाण्डौंसँग पृथ्वी राजमार्ग अन्तरगत काठमाण्डौं- डुम्रे १६० कि मि र डुम्रे- बेशिसहर सडकखण्डको २७ कि मि सडकखण्ड तथा गण्डकी प्रदेशको राजधानी पोखरासँग पृथ्वी राजमार्गको ६५ कि मि पोखरा-डुम्रे सडकखण्ड, डुम्रे - बेशिसहर सडकखण्डको २७ कि मि सडक र पुष्पलाल मध्य पहाडी लोकमार्ग अन्तर्गत करिब १५ कि.मि सडकले जोडेको छ । समुन्द्र सतहबाट करीब ५०० मिटरको उचाईबाट १६०० मिटरसम्म फैलिएको यस न. पा.को पूर्वमा राईनास नगरपालिका र दोर्दी गाँउपालिका उत्तरमा बेशिसहर नगरपालिका, पश्चिममा मध्य-नेपाल नगरपालिका तथा दक्षिणमा तनहुँ जिल्लाको भानु नगरपालिका पर्दछन् । ७२.०३ बर्ग कि मि क्षेत्रफल रहेको यस न. पा. लाई ११ वटा वडाहरूमा बिभाजन गरिएको छ ।

जनगणना २०७८ का अनुसार ७१९९ घरधुरी रहेको यस न. पा. मा १२५५१ पुरूष र १४५३२ महिला गरी जम्मा २७०४३ जनसंख्या रहेको छ । १४ कि मि पक्कि कालोपत्रे, ६० कि मि ग्राभेल तथा १२० कि मि निर्माणाधिन कच्चि सडकखण्डहरूले यस न. पा. का बिभिन्न स्थानहरूलाई एकअर्कासँग जोडेका छन् । नगर अस्पतालका रूपमा १५ शैय्याको सुन्दरबजार अस्पताल संचालनमा छ । अस्पतालको रूपमा स्तरोन्नति हुदै गरेको चन्द्रेश्वर स्वास्थ्य केन्द्रका अलावा १५/१५ गरी ३० शैय्याका दुईवटा नीजि अस्पताल, १ वटा सामुदायिक अस्पताल, ७ वटा हेल्थपोष्ट, २ वटा आयुर्वेद केन्द्र र ४ वटा शहरी स्वास्थ्य केन्द्र गरी १८ वटा स्वास्थ्य संस्थाले यस न. पा. मा आधारभूत तथा प्राथमिक स्वास्थ्य सेवा प्रदान गरिरहेका छन् ।

२६ प्राथमिक विद्यालय, ३ आधारभूत विद्यालय १४ माध्यमिक विद्यालय, CTEVT बाट अनुमति लिई डिप्लोमा तह अध्ययन हुने शिक्षालय ४ वटा प्राविधिक विद्यालय तथा स्नातक तहसम्म अध्ययन/अध्यापन हुने ४ वटा सामुदायिक तथा ९ वटा माध्यमिक तहसम्म अध्ययन/अध्यापन हुने नीजि शिक्षण संस्था छन । कृषि तथा वन विज्ञान वि. वि अन्तरगतको लमजुङ कृषि क्याम्पस मूख्य क्याम्पसको रूपमा संचालनमा रहेको छ । यस नगरपालिकामा शत प्रतिशत घरधुरीमा विद्युत सेवा र सम्पूर्ण भौगोलिक क्षेत्रमा मोबाईल सेवा उपलब्ध रहेको छ । दुई वटा इलाका हुलाक कार्यालय तथा एक अतिरिक्त हुलाक कार्यालय गरी ३ वटा हुलाक सेवा प्रदान गर्ने कार्यालयहरू छन । यहाँ २ वटा सरकारी बैक र ७ वटा नीजि बैक र ५१ वटा सहकारीले वित्तिय सेवा प्रदान गरिरहेका छन् ।

समुन्द्र सतहबाट ५०० मिटरदेखि १२०० मिटरसम्म उष्ण मनसुनी हावापानीमा उष्ण प्रदेशिय सदाबहार वनस्पती पाइन्छन । १२०० मिटरदेखि १६०० मिटरसम्म न्यानो समशितोष्ण हावापानी तथा समशितोष्ण पतक्षड वनस्पति पाइन्छन् । करिब १२७६.४ हेक्टर क्षेत्र बनजंगलले ढाकेको यस न. पा मा मुख्य ब्यवसायका रूपमा कृषि, पशुपालन र ब्यापार रहेका छन् । खेतीका लागि २०४९.३६ हेक्टर भू-भाग उपलब्ध छ भने ३५७ हेक्टर क्षेत्रमा बाह्रै महिना सिंचाईको सुबिधा हुने गरी ५ वटा सिंचाई आयोजना रहेका छन् ।

ब्राह्मण, क्षेत्री, गुरूङ, नेबार, तामाङ, कुमाल, दमाई, कामी, सार्की, तथा अल्पसंख्यक दुरा आदी जातिहरूको बसोबास रहेको यस न.पा. मा नेपाली, गुरूङ, नेवारी दुरा आदी भाषा मुख्यरूपमा बोलिन्छन् । गाउँस्तर तथा डाँडाकाडामा पुराना शैलिमा बनेका घर भएपनि बजार क्षेत्रतथा शहरोन्मुख क्षेत्रमा पक्की घरको घनत्व बढ्दो क्रममा रहेको छ ।

पर्यटकीय दृष्टिले तुर्लुङ कालिका, देवीस्थान मन्दिर, तुर्लुङकोट गढी, खजे दुरा पार्क, दुरा संग्राहालय, कुन्छा गढी, सुत्केरीले गाडेको ढुङ्गा, मुलकोट, तार्कुकोट गढी, रमाईलो मर्स्याङदी पर्यटन केन्द्र, पाँचघरे नयाँ बस्ती छहरा झरना, किरिन्चे झरना, भागिरथी मन्दिर, पाँउदीमा कर्मदा नदीका शिवजीको मन्दिर, अकला मन्दिर, सिन्दुरे ढुङ्गा, लक्ष्मी नारायण मन्दिर आदि महत्वपूर्ण स्थान छन । व्यापार व्यवसायका लागि सुन्दरबजार, भोटेओडार, कुन्छा बजार, खत्रिठाँटी आदि महत्वका स्थान रहेका छन् । समग्रमा हेर्नुपर्दा यस नगरपालिका भौगोलिक, जातिगत, भाषागत विविधतामा धनी तथा पुरातात्विक, सांस्कृतिक र एतिहासिक रूपमा महत्वपूर्ण छ । यस न.पा. मा विकासका पूर्पाधारका आधारभूत संरचनाहरू स्वास्थ्य, संचार, शिक्षा, सडक, उर्जा , वित्तिय क्षेत्र आदिमा तुलनात्मक रूपमा अन्य पालिकाभन्दा सुगम देखिन्छ ।

# सुन्दरबजार नगरपालिकाको नगरसभाको
## १२ औं अधिबेशनमा
## नगर प्रमुख श्री कृष्ण प्रसाद कोइरालाद्वारा प्रस्तुत
## सुन्दरबजार नगरपालिकाको
## नीति तथा कार्यक्रम २०८०/८१

**नगरसभाका उपाध्यक्ष तथा सदस्यज्यूहरू,**

यस सुन्दरबजार नगरपालिकाको गरीमामय बाह्रौं नगर सभामा आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु ।

यस अबसरमा सर्वप्रथम म, राष्ट्र र जनताको लागि आफ्नो जीवन सर्मपण गर्नु हुने ज्ञात, अज्ञात वीर शहीदहरू प्रति सम्मानका साथ हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । साथै राज्य एबम् राष्ट्र निर्माणका आन्दोलनहरूको नेतृत्व गर्नुहुने अग्रजहरू प्रति सम्मान व्यक्त गर्दछु र नेपाली समाजको रूपान्तरणमा उहाँहरूले पुर्‍याउनु भएको उच्च योगदानको पुनः स्मरण गर्दै शहीदहरूका सपना र अग्रजहरूको मार्गदर्शन बमोजिम सम्मुनत नगर निर्माणलाई सार्थक तुल्याउने यात्रामा हामी सबैलाई प्रेरणा मिल्ने अपेक्षा गर्दछु ।

जनताको निकटतम सरकारको रूपमा रहेर स्थानीय सरकारले नागरिकको जन्मबाट मृत्युसम्मका विषयमा हेर्ने दायित्व बोकेको हुन्छ । नागरिकले देख्न सक्ने, छुन सक्ने, अनुभव गर्न सक्ने, सजिलै भेट्न सक्ने पहुँचमा रहेको स्थानीय सरकार भएको हुँदा विकासमा नागरिकको सार्थक र जीवन्त सहभागिताको सुनिश्चितता गर्ने गरी प्रस्तुत नीति तथा कार्यक्रम तय गरिएको छ ।

नेपालको संविधानले परिकल्पना गरेको तीन तहको सरकार, त्यसका अधिकार क्षेत्र र संघ, प्रदेश र स्थानीय सरकार बीचको सहकार्य, समन्वय र सहअस्तित्व समेतको मर्म अनुसार नेपाल सरकार र प्रदेश सरकारले प्रस्तुत गरेको दिगो विकासको लक्ष्य प्राप्ति सहितको नीति तथा कार्यक्रम समेतलाई हृदयंगम गरी तथा स्थानीय सरकार संचालनको हालसम्मको अनुभव र नगरसभा मार्फत पारित ऐन, नियम तथा कार्यविधि समेतका आधारमा आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम तय गरिएको छ ।

**सभाका सदस्यज्यूहरू,**

व्यक्ति केन्द्रित दिगो बिकास र व्यक्ति भित्र रहेको अपार सम्भावनाहरूको उपयोग गरी समृद्ध सुन्दरबजार निर्माण गर्ने सङ्कल्प पुरा गर्नु हाम्रो दायित्व हो । जनताबाट प्राप्त भएको जिम्मेवारी

लाई इमान्दारिता पूर्वक पुरा गर्न यस पालिकाले विकासको समग्र योजना तथा कार्यक्रमहरू तय गर्दै कार्यान्वयन गरिरहेको सन्दर्भमा चालु आ ब २०७९/८० मा प्राप्त मुख्य-मुख्य उपलब्धिहरूलाई सङ्क्षेपमा प्रस्तुत गर्न  चाहान्छु ।

१. **पूर्वाधार बिकास तर्फ**– चा.लु आ.ब मा संघ प्रदेश सरकारसँगको समन्वय तथा नगर बासीको समेत लागत साझेदारी मार्फत नगरपालिका भित्रका केही आन्तरिक  सडकको कालोपत्रे तथा ढलान कार्य सम्पन्न गरिएको छ । नगरभित्र उत्पादनमा महत्वपुर्ण भूमिका निर्बाह गर्ने सिचाई पूर्वाधारको मर्मत सम्भार गरिएको छ  । ३ कि.मि. पक्कि नाला निर्माण गरिएको छ । ५ कि.मि.सडक ग्राभेल गरिएको छ । भोटेवडार आँखा अस्पताल, चन्द्रेश्वर अस्पताल, भक्ति नमुना मा. बि. होस्टेल भबन जस्ता शिक्षा तथा स्वास्थ्यका  पूर्वाधारहरूको निर्माण तथा स्तरोउन्नति गरिएको छ । सबै वडाहरूमा आधारभूत खानेपानीका पूर्वाधारको निर्माण सम्पन्न हुने चरणमा रहेका छन । पुरातत्व विभागको सहयोगमा वडा नं. ६ मा रहेको पुरानो पौवा निर्माण र वडा नं. १० को भागिरथी मन्दिर पूनः निर्माण भैरहेको छ भने वडा नं. ८ को अकला मन्दिर नगरपालिकाको सहयोगमा निर्माण भैरहेको छ ।

२. **सामाजिक बिकास तर्फ** – चालु आ.ब मा शिक्षा तर्फ, नगरपालिका रहेका बिधार्थीहरूको प्रतिभा पहिचान, शैक्षिक सामग्री प्रदर्शनी, शिक्षक सम्मेलन जस्ता कार्यक्रम संचालन गरिएको छ । यसैगरी स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिएको छ, बाल विकास केन्द्रका सहजकर्ता तालिम, दुरा भाषा सम्बन्धी बहुभाषिक सिकाइ तालिमहरू सम्पन्न भएका छन । स्वास्थ्य तर्फ, एच.आई.भि संक्रमीत सहयोगात्मक कार्यक्रम, नवजन्म छोरीको नाममा अक्षय कोष खाता संचालन, सुरक्षित सुत्केरी एम्बुलेन्स सेवा निःशुल्क यातायात खर्च कार्यक्रम, परिवार कल्याण कार्यक्रम संचालन गरिएको छ । योग, आयुर्बेद जडीबुटी पहिचान, आयुर्बेद औषधि वितरण जस्ता कार्यक्रम मार्फत आयुर्बेद लाई प्रबर्धन गरिएको छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको हितलाई ध्यानमा राख्दै बिभिन्न सिपमुलक तालिम तथा सम्मान अभिबृद्दी कार्यक्रम संचालन गरिएको छ । सबै वडाहरूमा लक्षित वर्ग कार्यक्रम संचालन गरी लक्षित वर्गको आर्थिक तथा सामाजिक उन्नयन गर्ने तर्फ नगरपालिका उन्मुख रहेको छ ।

३. **आर्थिक विकास तर्फ**– चालु आ. ब. मा कृषि तर्फ खाधान्न बालिको उन्नत बिउ उपयोगमा अनुदान, मौरी घार वितरण, आई. पि. एम. कृषक पाठशाला जस्ता कार्यक्रम संचालन गरिएको छ यसै गरी तेलहन बाली प्रबर्द्धन कार्यक्रम, धानबाली प्रबर्द्धन कार्यक्रम, साना सिचाँई पुर्बाधार निर्माण जस्ता कार्यक्रम अगाडि बढाईएको छ । पशु सेवा तर्फ, उपचार सेवा, पशुपालन ब्यबासायिक तालिम, जुनाटिक रोगबारे स्कुल शिक्षा कार्यक्रम, बाख्राको साना ब्यवसायिक कृषि उत्पादन केन्द जस्ता कार्य सम्पन्न भएको छन  ।  सहकारी, रोजगार तथा

उधम विकास तर्फ, सहकारी पुर्बशिक्षा कार्यक्रम , कोपोमिस तालिम सम्पन्न भएको छ भने रोजगार तर्फ प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत कामका लागि पारिश्रमिक योजनामा ८१ जना बेरोजगारहरूलाई औसतमा ६,३५१ दिनको रोजगारी उपलब्ध गरिएको छ ।

४. **बातावरण तथा विपद ब्यबस्थापन तर्फ**– नगरपालिकामा बिपद पुर्ब तयारी स्वरुप आपतकालिन कार्य संचालन केन्द्र स्थापना गरिएको छ। बिद्यालय स्तरमा विपद सचेतना कार्यक्रम संचालन गरिएको छ । बाताबरण संरक्षणका लागि सामुदायिक सचेतना अभियान संचालंमा रहेको छ। प्राकृतिक श्रोतको संरक्षण र सम्बर्दन गर्न पाउदि नाउदी खोलामा अबैध उत्खननमा रोक लगाइएको छ । विपद प्रतिकार्यका लागि बजेट ब्यबस्थापन गरी विपदको समयमा उपयोग गरिएको छ।

५. **संस्थागत विकास तथा क्षमता अभिबृद्दी तर्फ** – नागरिक सूसुचित हुने अधिकारलाई केन्द्रमा राखी नगरपालिकाका सूचनाहरू सामाजिक संजाल मार्फत सम्प्रेषण हुने व्यवस्था मिलाइनुका साथै नगर कार्यपालिकाको कार्यालयमा डिजिटल बडापत्र जडान गरी प्रबिधिमैत्री पालिकाको रूपमा अगाडी सारिएको छ। प्रभावकारी सेवा प्रबाहका लागि निरन्तर रूपमा कर्मचारी तथा जनप्रतिनिधिको क्षमता अभिबृद्दी तालिम संचालन गरिएको छ। नागरिकसँग प्रतक्ष्य सरोकार राख्ने बिषयमा सार्बजनिक सुनुवाई कार्यक्रम आयोजना गरिएको छ।

समग्रमा, चालु आ.व. मा पनि बिगत जस्तै पूंजिगत खर्चको प्रगति सामान्य रूपमा सन्तोषजनक रहेपनि यसमा थप सुधारको जरूरी छ । राजश्व संकलन प्रक्षेपणको तुलनामा राम्रो रहेको भएपनि करको आधारहरूमा बृद्धि गरी आन्तरिक आयमा बढोत्तरि गर्नुपर्ने देखिन्छ । भौतिक पूर्वाधार तर्फ बजेट बिनियोजन गर्दा अझैपनि साना साना प्रकृतिका कार्यक्रम छनौट गरी दीर्घकालीन प्रतिफल दिने प्रकृतिका योजनामा बजेटको ध्यान कम पुगेको भान हुन गएको छ। समयमै आयोजनाको प्राबिधिक प्रतिवेदन तयार नहुनु, समयमै उपभोक्ता समिति तयार गरी सम्झौता हुन नसक्नु उपभोक्ता समितिले आफै जिम्मेवारी पाएको काम बाट बिमुख भै अप्रत्यक्ष रूपमा अर्को पक्षलाई कामको जिम्मा दिनु जस्ता कमी कमजोरीहरू कार्य संचालनको क्रममा देखिएका छन् । गत वर्षदेखि नै स-साना योजनामा रकम छर्ने परम्परागत प्रबृत्तिको अन्त्य गर्ने हामि सबैको सामुहिक प्रतिबद्धताले केहि सुधारका संकेत देखिएता पनि पूर्ण सन्तोष गर्नु पर्ने ठाउँ देखिंदैन।

वित्तिय संघीयताको प्राबधानले स्थानीय तहका राजश्वका क्षेत्र र श्रोतहरू मुलतः संघीय सरकारबाट प्राप्त रकम, सशर्त अनुदान, समपुरक अनुदान तथा विशेष अनुदान र प्रादेशिक सरकारबाट प्राप्त यस्तै प्रकृतिको रकम हाम्रो स्थानीय संचित कोषको प्रमुख आधार हो। आफ्नै श्रोत र राजश्वको हिस्सा हाम्रो बजेटमा न्यून हुनु हाम्रा लागि चुनौती रहेको छ। स्थानीय राजश्व प्राप्ति र परिचालनको हिस्सा कम रहेको र सर्शत अनुदानको हिस्सा बढी भएको अवस्थामा स्थानीय समस्याहरू हामी

आफैले सोचेअनुरूप समाधान गर्न कठिन छन् । यस परिप्रेक्ष्यमा उपलब्ध स्रोत र साधनको समुचित एवं समन्यायीक हिसाबले सम्बोधन गर्न थप जटिल हुने देखिएको छ ।

**नगर सभाका सदस्यज्यूहरू,**

अब म नगरपालिकाको आगामी आर्थिक वर्ष २०८०/८१ को प्राथमिकताका क्षेत्रहरू प्रस्तुत गर्न चाहन्छु :

१. कृषिमा आधुनिकरण र ब्यबासायिकरण गर्दै कृषि र पशुपालनका सामुहीक कामबाट रोजगारी श्रृजना गरी गरिबी घटाउने ।

२. शिक्षा र स्वास्थ्यका कामहरू गुणस्तरीय बनाउने जनताको घरआँगन सम्म पुर्याउने ।

३. "बाटोको शत्रु पानी, बाटोको सुरक्षाका लागी नालीमा लगानी" अभियान अन्तर्गत भौतिक विकासका कामको प्राथमिकीकरणमा लगानी गर्ने ।

४. सुन्दरबजार नगरपालिकाका कर्मचारीहरूमा क्षमता विकास कार्यक्रम मार्फत कामकर्तव्य र अनुशासन प्रति जागरूक बनाई जनमैत्री सेवा प्रवाह गर्ने ।

५. वडा वजेट विनियोजन गर्दा भौतिक निर्माणका साथै आर्थिक, सामाजिक, विपद ब्यबस्थापन लगायतका विषयगत क्षेत्रमा वजेट विनियोजन गर्ने ।

यसै गरी आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट विनियोजनका मार्गदर्शक सिद्धान्तहरू देहायबमोजिम रहेका छन :

१. उच्च मूल्यका कृषि बस्तुको उत्पादन बढाउने र बजार बिस्तार गर्ने नीति अबलम्बन गर्ने ।

२. उत्पादनमुलक र रोजगारी श्रृजना गर्ने समुह सदस्यमा आधारित कार्यक्रम ।

३. भौतिक विकासका निर्माणजन्य कामहरू उपभोक्ता समिति मार्फत गर्न प्राथमीकता दिने ।

४. समपुरक/विशेष/सडकबोर्ड र १५ लाख रकम भन्दा माथिका एवं जटील प्रकृतिका कामहरू बोलपत्र मार्फत गर्ने ।

५. जनप्रतिनिधि/कर्मचारीको अतिरिक्त भत्ता कटौती गरी चालु खर्च कम गरी नागरिकलाई प्रत्यक्ष सहयोग पुग्ने पुँजीगत खर्च बढाउने ।

६. खाने कसरी, पिउने कसरी - समुदायमा स्वास्थ्यकर्मी कार्यक्रम गरी वृद्धअवस्थाका व्यक्तिको स्वास्थ्य परीक्षण गर्नगरी टोलटोलमा स्वास्थ्यकर्मी पुर्याउने ।

७. बस्ती सुरक्षा अन्तरगत तटबन्ध कार्यक्रम संचालन गर्ने ।

८. परम्परागत श्रम, सीपमा आधरित कार्यलाई व्यवसायीक बनाउने ।

९. सडकतर्फ नयाँ ट्र्याक नखोल्ने, भएका सडकको स्तरोन्नती गर्ने ।

**नगर सभाका सदस्यज्यूहरू,**

अब म आर्थिक वर्ष २०८०/८१ मा नगरपालिकाले बिभिन्न क्षेत्रहरूमा अवलम्बन गर्ने क्षेत्रगत नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्न चाहन्छु :

## क) भौतिक पूर्बाधार विकास तर्फ

१. नगरपालिका स्थापनाको एक दशकमा लम्कीरहेकोले नगर गौरबका योजना सञ्चालन गरी भौतिक, सामाजिक रूपमा सुसंस्कृत नागरिकको बसोबास स्थलको रूपमा परिचित गराउने अभ्यास गरिएको छ।

२. साना आयोजनामा रकम छर्ने, जनताको जीवनस्तरमा दीघ्रकालीन रूपमा प्रभाव नपारि तत्काललाई खुसि तुल्याउने प्रकृतिका कार्यक्रमहरूलाई पूर्णतया रोक लगाईने छ । नगरपालिकालाई दीर्घकालमा प्रतिफल दिने प्रकृतिका गौरवका आयोजनाहरू जस्तै बहुउद्देश्यीय सिटी हल निर्माण, फोहोरमैला प्रसोधन केन्द्रको स्थापना तथा संचालन जस्ता योजनालाई प्राथमिकताका साथ अगाडि बढाईनेछ।

३. गुणस्तरीय यातायात पूर्वाधार विकास, विस्तार र व्यवस्थापन गरिनेछ। चालु आ.व. मा जस्तै आगामी आ.व.मा पनि कच्ची सडकको नयां ट्र्याक खोल्ने कार्यलाई बन्द गर्ने नीति लिईने छ। नगरपालिकाको प्राथमिकताको सडक निर्धारण गरी सबै मौसममा सवारी संचालन गर्न सक्नेनीति लिईनेछ। मुल सडकबाट वडा कार्यालय जोड्ने, स्वास्थ्य संस्था जोड्ने तथा विद्यालयजोड्ने सडकको निर्माणमा प्राथमिकता दिईनेछ। सडक स्तरउन्नती गर्न नाली निर्माण कामलाई जोड दिईनेछ।

४. खत्रीठाँटीमा व्यवस्थित बसपार्क निर्माण कार्य नगर विकास कोषसँग समन्वय गरी यसै आ.व.मा हुने व्यवस्था मिलाईने छ। सार्वजनिक यातायात तथा साना सवारी संचालन तथा व्यवस्थापन कार्यलाई आवश्यक समन्वय तथा अनुगमन गरी थप प्रभावकारी बनाईनेछ।

५. नगर स्तरीय खेल मैदानको सम्भाव्यता अध्ययन गरी प्रदेश तथा संघीय सरकार सँगको समन्वयमा स्तरोन्नति तथा थप पूर्वाधार निर्माणमा पहल गरिनेछ।

६. व्यवस्थित बिद्युतीकरणको लागि नेपाल सरकार तथा बैकल्पिक उर्जा प्रबर्धन केन्द्र समेतको साझेदारी कार्यक्रम संचालनमा ल्याईनेछ। सवै प्रकारका काठका पोलहरूलाई विस्थापित गरी राष्ट्रिय ग्रिडको प्रसारण लाईन मार्फत विद्युत उपलब्धताको विश्वसनीय संरचना निर्माणमा सहयोग गरिनेछ।

७. चालु आ.ब. मा झैं नगरपालिकाले निर्माण गरेका सडकहरूलाई कालोपत्रे तथा ढलान गर्न सामुदायिक साझेदारीताको बिशेष जोड दिईनेछ।सो कार्यका लागि लागत साझेदारी कार्यक्रम

लाई निरन्तरता दिईने छ। सवै खाले भौतिक संरचना निर्माण गर्दा सम्भब हुँदासम्म वालमैत्री, अपांगमैत्री र वातावरणमैत्री तथा बिपद प्रतिरोधी संरचना निर्माणको नीति लिईनेछ।

८. भौतिक पूर्वाधारहरूको निर्माण गर्दा लाभग्राही समुदायको बढी भन्दा बढी सहभागिता सुनिश्चित हुने, रोजगारीमा सघाउ पुर्याउने, निर्माण पछिको संचालन र मर्मतमा लाभग्राहीको अपनत्व सिर्जना हुने, दीर्घकालमा नगरपालिकाको आय आर्जनमा सघाउ पुर्याउने, वातावरण संरक्षण र बिपद व्यवस्थापनमा सहयोगी हुने खालका आयोजनाहरूलाई प्राथमिकता दिईनेछ।

९. खानेपानीको समस्या रहेका वडाहरूमा संघ तथा प्रदेशको समन्वय तथा स्थानीय तहमा रहेका खानेपानी सँग सम्बन्धित गै.स.स. सँग समेत समन्वय गरी स्वच्छ खानेपानी सेवा विस्तार गर्न पहल गरिनेछ। एक घर एक धाराको नीति अवलम्बन गरिनेछ।

१०. सम्पन्न भएका खानेपानी आयोजनाहरूको पानीको मुहान संरक्षण र सम्बर्धन गर्ने, ऐतिहासिक एबम बाताबरणीय  महत्व बोकेका कुवाहरूको संरक्षण तथा मर्मतमा जोड दिइनेछ। नियमित खानेपानी आपूर्ति र गुणस्तरीयताका लागि स्थानीय खानेपानी तथा सरसफाई समितिलाई प्रमुख जिम्मेवार तुल्याई आयोजनाहरूको दिगोपना कायम गरी खानेपानी आपुर्तिलाई सरल र सहज तुल्याईनेछ। संघ तथा प्रदेश सहलगानीमा सञ्चालित खानेपानी योजना निर्माण कार्यलाई प्राथमिकताका साथ अघि बढाइनेछ।

११. सडक तथा बस्तिको सौन्दर्यकरण कार्यक्रम मार्फत नगरपालिकाका भित्रका सडकहरूलाई सुरक्षित बनाइनेछ साथै स्थानहरूको अवस्थिति जानकारी गरिनेछ। नगर क्षेत्रका महत्वपूर्ण व्यापारिक क्षेत्रहरूमा बनेका सार्वनजिक शौचालयहरूको समुचित व्यवस्थापन एबम् प्रयोग गरिनेछ।

१२. नगरपालिकाभित्र सार्बजनिक स्थल मा निर्माण भएको संरचना लाई कर को दायरामा ल्याइनेछ साथै अनाधीकृत रूपमा निर्माण संरचना कानुन बमोजिम ब्यबस्थित गरिने छ। नगरपालिका भित्र रहेका मरणघाटहरूलाई ब्यबस्थित गरिनेछ।

## ख) सामाजिक विकास तर्फ :-

१३. मानब पुँजी निर्माणको महत्वपुर्ण आधारका रूपमा सामाजिक विकास क्षेत्र रहेको हुँदा यस क्षेत्रलाई प्राथमिकतामा राखेको छु। स्वस्थ र शिक्षित जनशक्ति विकास गर्ने हेतुले यस नगरपालिकाले चालु आ.व. मा शिक्षा र स्वास्थ्य क्षेत्रको विकासको लागि केहि सकारात्मक शुरूवाति कदम चालेको छ।

१४. सुन्दरबजार नगरपालिकालाई शैक्षिक हब (Educational Hub) को रूपमा विकास गर्ने नीतिलाई निरन्तरता दिंदै विज्ञहरूसँगको परामर्शमा शैक्षिक हबको अबधारणा तयार गरिनेछ।

१५.	शैक्षिक गुणस्तर अभिवृद्धि तथा प्रभावकारी विद्यालय व्यवस्थापनका लागि विद्यालयका प्रधानाध्यापक र शिक्षा शाखा प्रमुख तथा प्रधानाध्यापक र विषय शिक्षक बीच सुपरिभाषित कार्यविवरण सहितको कार्य सम्पादन सम्झौता गरिनेछ। साथै सिकाइ उपलब्धी वृद्धिका लागि विषय शिक्षक र विद्यार्थी बीच सम्झौता गर्न प्रोत्साहित गरिनेछ।

१६.	नगरपालिका भरिका विद्यालयहरूमा अध्ययनरत विद्यार्थीका लागि सरोकारवालाहरूको परामर्शमा विद्यार्थी पोशाक तोकी विद्यार्थी पोशाकमा एकरूपता कायम गरिनेछ। लमजुङ्ग कृषि क्यापसमा कृषिमा स्नातकोत्तर तथा भेटेनरी साइन्स कक्षा सञ्चालन, तथा मातृभूमि क्यापसलाई आंगिक क्याम्पस बनाउनका लागि पहल गरिनेछ।

१७.	विषयगत शिक्षक समूहहरूलाई प्रभावकारी परिचालन गरी शैक्षिक गतिविधि समेटिएका बुलेटिन प्रकाशन गर्ने, शिक्षकको पेशागत सहयोगका लागि सघन सुपरिवेक्षणमा सहभागी गराउने, शैक्षिक योजना तथा कार्यक्रम निर्माणमा सहभागी गराउने साथै लघु अनुसन्धान कार्य गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१८.	गण्डकी प्रदेश सरकारको घोषित कार्यक्रम Friday for Future (भविष्यका लागि शुक्रबार) कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्ने लक्ष्यका साथ खोजमुलक तथा परियोजनामा आधारित शिक्षण पद्धति अवलम्बन गर्न शिक्षकहरूलाई प्रोत्साहित गरिनेछ। साथै शिक्षाका प्रत्यक्ष तथा अप्रत्यक्ष सरोकारवालाहरूमा सिकाइका नवीतम अबधारणाहरूलाई आत्मसात गर्ने वातावरण तयार गर्ने नीति लिइनेछ।

१९.	हाल परीक्षणका रूपमा कार्यान्वयन भइरहेको स्थानीय पाठ्यक्रमलाई सरोकारवालाहरूको सुझाव समेटी अन्तिम रूप दिइनेछ साथै उक्त पाठ्यक्रमका आधारमा सन्दर्भ पाठ्यसामग्रीहरू विकास गरिनेछ। संस्कृत शिक्षामा बिषेश ध्यान दिने र बैदिक कृषि कार्यक्रम मार्फत पौराणिक कृषि एबं जडीबुटी खेतीमा ध्यान दिईनेछ।

२०.	नागरिकको आरोग्यताका लागि टोल टोलमा स्वास्थ्य सेवा पुर्याउने उद्देश्यले समुदायमा स्वास्थ्यकर्मी परिचालन गरी "खाने कसरि पिउने कसरि कार्यक्रम" सुरू गरिनेछ भने यस आ. ब. बाट सबै बिद्यालयका बिद्यार्थीहरूको नियमित स्वास्थ्य परिक्षण गर्ने ब्यबस्था मिलाईनेछ।

२१.	सुन्दरबजार अस्पतालको भौतिक अवस्था र व्यवस्थापकीय क्षमता अभिबृद्धिको लागि जग्गा प्राप्ती/भबन निर्माण तथा प्रदेश स्तरीय अस्पतालमा स्तर उन्नति गरि ट्रमा सेन्टर स्थापना गर्ने नीति लिईइने छ। सुन्दरबजार अस्पतालमा ब्लड बैंकको स्थापना तथा अस्पतालमार्फत स्वास्थ्य बीमा कार्यलाई प्रोत्साहन गर्न विपन्न वर्ग स्वास्थ्य बीमा सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

२२.	सुरक्षित मातृ शिशु स्वास्थ्यको लागि स्वास्थ्य संस्थामा प्रसुती गराउन जिल्ला सदरमुकाम सम्म

लैजान निशुल्क एम्बुलेन्सको व्यवस्थालाई निरन्तरता दिईनेछ । मातृशिशु सुरक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ । गर्भवती महिलाको नियमित स्वास्थ्य परीक्षण, पोषण सामाग्री सहयोग, सुनौला हजार दिनका शिशुको पोषणको सुनिश्चता जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

२३. आवश्यक कार्यविधि निर्माण गरी मलामी सहितको शवबाहन सञ्चालनमा निरन्तरता दिदै अझ व्यवस्थित बनाईनेछ ।

२४. सबै स्वास्थ्य संस्थाहरूमा अत्यावश्यक औषधीको अभाव हुन नदिन नियमित अनुगमन तथा निरीक्षण मौज्दात प्रतिवेदन प्रणालीको विकास गरिनेछ ।स्थापना गर्न प्रोत्साहित गर्ने कार्यलाई निरन्तरता दिईनेछ । भोटेवडार आँखा उपचार केन्द्रको प्रभावकारी सञ्चालन हुने ब्यबस्था मिलाइनेछ ।

२५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको नीति लिई सामाजिक न्यायमा आधारित समतामुलक नगर निर्माणमा जोड दिइनेछ । महिला हिंसा, घरेलु हिंसा तथा लैङ्गिक असमानतालाई न्यूनीकरण तथा सामाजिक विभेद अन्त्य गर्नको लागि बहस, पैरवी तथा चेतनामूलक अभियान सञ्चालन गरिनेछ ।

२६. उपप्रमुख महिला उधमी प्रबर्धन  कार्यक्रम मार्फत  महिलाहरूको आय आर्जन तथा क्षमता विकासका लागि सीपविकास तथा आयमुलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

२७. बालमैत्री स्थानीय शासनको अवधारणालाई आन्तरिकीकरण गरी वि.सं २०८३ सम्म बालमैत्री नगरका रूपमा विकास गर्नेगरि सूचकमा आधारित रहेर कार्यक्रम तर्जुमा  गरिनेछ ।

२८. जेष्ठ नागरीकहरूको आत्मसम्मान अभिबृददीको लागि स्थानीय सरकार सँग बा आमा कार्यक्रम संचालन गरिनेछ । साथै प्रत्येक वडामा जेष्ठ नागरीक दिवा सेवा केन्द्र स्थापना गर्न पहल गरिनेछ र नगरपालिकामा जेष्ठ नागरीक सेवा लिन आउँदा जेष्ठ नागरीक मैत्री व्यवहार सहितको सेवा प्रदान गरिनेछ ।

२९. आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, दलित, जनजाति, जेष्ठ नागरीक, अपांगता भएका व्यक्ति, अल्पसंख्यक समुदायको सामाजिक र आर्थिक उत्थानका लागि लक्षित वर्ग विशेष कार्यक्रम संचालन गरिनेछ।छोरीलाई शिक्षा, स्वास्थ्य रोजगारी आदिमा बिशेष प्राथमिकता दिईनेछ ।

३०. नगरभित्र बिशेष पहिचान बोकेका दुरा जातिको  परम्परा संरक्षणका लागि दुरा  संग्रहालयको निर्माणलाई निरन्तरता दिईनेछ ।

३१. नगरपालिका भित्रका सबै वडाका युवा क्लब तथा युवा समूहहरूलाई संस्थागत दर्ता प्रकृयाको दायरामा समेटी पालिका स्तरीय युवा सञ्जाल गठन गरी सामाजिक परिचालन, जनचेतना अभिवृद्धि र विकास निर्माणका कार्यमा युवाहरूको सहभागिता अभिवृद्धि गरिनेछ ।

## ग) आर्थिक विकास तर्फ :-

३२. समृद्धिको आधार उधोग  र ब्यापार भन्ने मान्यतालाई चरितार्थ गर्ने नगरवासीहरूको आर्थिक मेरूदण्डको रूपमा रहेको कृषि क्षेत्रको आधुनिकीकरण गरी आर्थिक बृद्धिको आधारलाई बलियो बनाइनेछ । नगरपालिकाको परम्परागत पहिचानको रूपमा रहेका रैथाने उत्पादनमा रहेका बाली उत्पादन, संरक्षण तथा प्रवर्द्धन गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाईनेछ । उत्पादन मा आधारित सामुहिक खेतिलाई प्रबर्धन गरिनेछ । परम्परागत रूपमा रहेको कृषिलाई वैज्ञानिकिकरण गर्दै उत्पादन र उत्पादकत्व बृद्धि गर्ने नीति लिईनेछ ।

३३. कृषि बिमालाई प्रोत्साहन गर्दै उत्पादित उपभोग्य वस्तुहरूको विक्री वितरणको लागि कृषि बजारको व्यवस्थापन गर्ने नीति लिईनेछ । स्थानीय उत्पादनलाई सुलभ तथा प्रतिस्पर्धी बनाउन बीउ बिजन, मल र उपकरण वितरण लागत साझेदारीको आधारमा गर्ने नीति लिईनेछ । मल, बीउ, उपकरणको प्रबन्ध, उत्पादन बृद्धि कृषि उपज संकलन तथा वितरणको लागि कृषि सहकारीको उपयोग गर्ने नीति लिईनेछ । नेपाल सरकार र नगरपालिकाको साझेदारीमा शित भण्डार स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

३४. प्रत्येक घरमा श्रममा आधारित खाद्यान्न कार्यक्रम अन्तर्गत कम्तीमा एक घर एक रोजगार सिर्जना गर्ने कार्यक्रमलाई अगाडि बढाइनेछ । स्वरोजगारमा आधारित व्यवसाय सञ्चालनका लागि शुन्य व्याजदरको सुविधालाई नगरपालिका जमानतमा बसी बैंक तथा वित्तिय संस्थाद्वारा ऋण उपलब्ध गराउने गरी **मेयर उधमसिलता कार्यक्रम**  सञ्चालनमा ल्याइनेछ  ।

३५. एक घर एक करेसावारी भन्ने नाराका साथ तरकारी उत्पादनमा जोड दिइनेछ । साथै आफ्नो उत्पादन, प्रतिफलयुक्त बजारीकरणको नीति अबलम्बन गरिनेछ  । बाझो जग्गा सदुपयोग गरी मूल्य श्रृखङ्लामा आधारित सामुहिक र सहकारी खेतीलाई प्रोत्साहन गरिनेछ । भौगोलिक अवस्थिति र हावापानी अनुसार फलफुल तथा तरकारी खेति गर्न कृषकहरूलाई प्रोत्साहन गरिनेछ ।

३६. सिंचाई सुबिधा उपलब्ध नभएका वा सिंचाई संरचना जीर्ण भएका स्थानमा सम्बन्धित लाभग्राहीको लागत सहभागितामा सिचाई सुधार कार्यक्रम लागु गरिनेछ ।

३७. नगरपालिकामा पाईने जडिबुटीहरूको पहिचान गरी बहुमुल्य जडिबुटीहरूको उत्पादन, उपयोग र विक्रि वितरण मार्फत आयआर्जनको भरपर्दो स्रोतको रूपमा विकास गर्नको लागि सम्भाव्यता अध्ययन गरिनेछ सो कार्यको लागि नगरपालिकामा रहेको स्वास्थ्य अनुसन्धान परिषदसँग साझेदारी गरिनेछ ।

३८. यस नगरपालिकालाई खाद्यान्न, दुध, अण्डा र मासुमा आत्मनिर्भर बनाउन उत्पादनमा प्रोत्साहन

गर्ने नीति लिईनेछ। उत्पादन बृद्धि गर्न पशु नस्ल सुधार कार्यक्रमलाई जोड दिईनेछ। गाई तथा भैसीपालनलाई व्यवसायिक बनाउन सहज र सरल रूपमा पूँजी व्यवस्थापन आबस्यक रहेको तथ्यलाई मनन गर्दै आधा लागत सहभागितामा भैसी तथा गाई पालन अनुदान कार्यक्रम लागु गरिनेछ।

३९. नगर क्षेत्रभित्रका पशुपालक कृषकहरूलाई पशु विमा गर्न प्रोत्साहित गरिनेछ। बहुवर्षे भुई घाँस, पोषिलो हिउँदे घाँस, बहुवर्षे डालेघासका बिरूवाहरू लगाउने तथा नर्सरी स्थापना गर्ने जस्ता कार्यक्रमहरू सञ्चालनमा जोड दिईनेछ।

४०. व्यवसायिक पशुपालनलाई टेवा पुर्याउने कार्यकालागि पशु स्वास्थ्य सेवा कार्यक्रम अन्तर्गत पशुपंक्षीलाई लाग्न सक्ने महामारीजन्य रोगको पहिचान, नियन्त्रण तथा रोकथाम गर्नको लागि आधुनिक प्रयोगशाला स्थापना गरीने छ। उपचार कार्य प्रभावकारी ढंगले व्यवस्थापन गर्ने एंव जुनेटिक रोग तथा अन्य महामारी रोग नियन्त्रण गर्न रोग विरूद्धको खोप संचालन गर्ने नीति अवलम्बन गरिनेछ।

४१. सुन्दरबजार नगरपालिका क्षेत्र भित्रका नदी तथा खोलाको मुहानमा माछाका भुरा छाड्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

४२. स्थानीय स्रोत सीप साधन एवम् प्रविधिको प्रयोगलाई बढावा दिई परम्परागत सीपलाई पुँजिकरण तथा ब्याबसायीकरण गरिनेछ। लघु, घरेलु तथा साना उद्यमीलाई उद्यम विकास तालिम प्रदान गर्नुका साथै सफल उद्यमीहरूका अनुभव आदान प्रदान गर्ने तथा आवश्यक औजार, यन्त्र, उपकरण प्रदान गरी व्यवसायिकताको विकास गरिनेछ।

४३. स्थानीय वन पैदावर, प्राकृतिक स्रोत साधन तथा जडिबुटीमा आधारित उद्योगहरू साझेदारीमा स्थापना गर्न लगानीकर्ताहरूलाई उचित वातावरणको व्यवस्था मिलाईनेछ। नगर स्तरीय उद्योग ग्राम स्थापनाको लागि सम्भाव्यता अध्ययन गरिनेछ।

४४. उद्योग तथा वाणिज्य क्षेत्रका छाता संगठनहरू, लेखापरीक्षकहरू तथा कर कार्यालयसँग समन्वय गरी व्यवसायीहरूको क्षमता अभिबृद्धी कार्यक्रम, बजार व्यवस्थापन तथा बजार अनुगमन, व्यवसाय दर्ता, तथा कर तिर्ने बानी प्रति अभिप्रेरित गर्न विभिन्न तालिम तथा सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ।

४५. नगरपालिका भित्र पर्यटन प्रवर्द्धनका लागि प्राकृतिक, साँस्कृतिक, धार्मिक ,शैक्षिक आदि गन्तव्य स्थलको पहिचान गरी आवश्यक सुधार गरिनेछ। पर्यटकीय गन्तव्यहरूको प्रवर्द्धन गर्न चिनारी किताब प्रकाशन गरी पर्यटकीय सम्भावनाको प्रचार प्रसार, संरक्षण र प्रवर्द्धन गर्ने नीति लिइनेछ।

४६. लमजुङ जिल्लाको प्रवेशद्वार पाउदिमा निर्माणाधीन १०८ फिट अग्लो शिवको मुर्ति तथा रमाइलो मर्स्याङ्दी पर्यटन केन्द्रलाई आकर्षणको केन्द्रको रूपमा बिकशित गरिनेछ साथै वडा नं. ११ को पाल्लेपानी क्षेत्रमा साहसिक गल्फ खेलको सम्भाव्यता अध्ययन एबंम तुर्लुंगकोट सामुदायिक होमस्टेलाई ब्यबस्थित गरिनेछ । संघ तथा प्रदेश सरकारको समेत सहयोगमा नगर स्तरीय चक्रीय पदमार्गको योजनालाई कार्यान्बयनमा लगिनेछ ।

४७. नगरपालिकाको ईतिहास र गौरवको रूपमा रहेका पाटी पौवा, गुठी, कोट, गढीको संरक्षण गरिनुको साथै पूर्वीय दर्शनको बैदिक ज्ञानलाई आन्तारिकिकरण गर्दै उपयोग एवम् प्रयोग गर्ने नीति लिईनेछ । त्यस्तै सुन्दरबजार नगरपालिका भित्रका सबै जात/जाती, भाषा/भाषी र धर्म धर्मावलम्बीहरूलाई प्राथमिकतामा राखी धार्मिक सहिष्णुता कायम गरिनेछ ।

४८. नेपाल सरकारको मौद्रिक तथा वित्तीय नीति अन्तर्गत रही आर्थिक वृद्धि, रोजगारी सृजना र आर्थिक स्थायित्व कायम गर्नका लागि कृषि, साना उद्योग, पूर्वाधार जस्ता उत्पादनशिल क्षेत्रहरूमा लगानी गर्नका लागि नगरपालिका क्षेत्र भित्रका सबै बैंक तथा वित्तीय संस्थाहरूसँग आवश्यक समन्वय गरी सबै नागरिकमा बैंक तथा वित्तीय साक्षरता अभिवृद्धि गर्न सघन रूपमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ साथै सामाजिक उत्तरदायित्वको रकमलाई दिगो विकासमा जोड्ने कार्यको थालनी गरिनेछ ।

४९. नगरविकासमा सहकारी क्षेत्रको भूमिकालाई प्राथमिकतामा राख्दै सहकारी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ, कोपोमिस तालिम लाई निरन्तरता दिईनेछ । सहकारीसँगको सहकार्यमार्फत उद्धमीको विकास तथा रोजगारी सिर्जना गरिनेछ । सहकारीको निरन्तर अनुगमन गरी वित्तीय सन्तुलन कायम राखिने नीति लिईनछ ।

५०. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरी नगरपालिकामा सूचीकृत भएका बेरोजगारहरूलाई नगरपालिका भित्र सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरूमा रोजगारी उपलब्ध गराईनेछ ।

५१. संघ र प्रदेशले कार्यान्वयनमा ल्याएका रोजगार सम्बन्धी कार्यक्रमहरूलाई अपनत्व लिई रोजगार, स्वरोजगार, लघुउद्यम तथा क्षमता विकास सम्बन्धी क्रियाकलापहरूलाई एकिकरण गरी स्थानीय तहबाट एकिकृत रोजगार तथा श्रममुलक सेवा कार्यान्वयन गरिनेछ ।

५२. वैदेशिक रोजगारीबाट ज्ञान, सिप र अनुभव लिएर फर्किएका व्यक्तिहरूलाई उनीहरूको ज्ञान, सीप र क्षमतालाई स्थानीय स्तरमै प्रयोग गरी स्वरोजगार तथा उत्पादनमुलक रोजगारीको व्यवस्था गर्न आवश्यक नीति लिइनेछ ।

५३. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूको लागि श्रम स्वीकृती र पुनः श्रम स्वीकृती सम्बन्धी

सहजीकरणको कार्यलाई प्रभावकारी बनाइनेछ। एकिकृत रोजगार कार्यक्रम संचालनका लागि आवश्यक रणनीति तथा कार्यबिधि तयार गरिनेछ।

५४. महिला उद्धमी हरूलाई नवप्रवर्तनमा आधारित उद्यमशिलतालाई प्रवर्द्धन गर्न **उपप्रमुख महिला उधमी प्रबर्धन कार्यक्रम** मार्फत बीउ पूँजीको व्यवस्था गर्ने नीति लिईनेछ।

५५. युवा, बेरोजगार तथा गरीबीको रेखामुनी रहेका व्यक्तिहरूलाई लक्षित गरी निजहरूको आयआर्जन तथा क्षमता विकासका लागि आधारभूत तथा पेशागत उन्नत स्तरको सीपमुलक तालिम सञ्चालन तथा आबस्यक प्रविधिको हस्तान्तरण  गरीवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत उपलब्ध गराईनेछ।

## घ) वन, वातावरण संरक्षण तथा बिपद व्यवस्थापन तर्फ :-

५६. विपद व्यवस्थापनमा नागरीकको व्यवहार जलवायु मैत्री बनाउन व्यक्ति, घरधुरी, विद्यालय, र टोल टोलमा फोहर मैला व्यवस्थापन, व्यक्तिगत र सार्वजनिक जग्गामा वृक्षरोपण, प्लाष्टिकको न्यून प्रयोग, जैविक पदार्थ (फोहोर, पराल, नल, प्लाष्टिक) डढाउने कार्य पुर्ण रुपमा बन्द गर्ने नीति लिईनेछ।

५७. सुधारिएको चुह्लोको प्रयोग, प्राङ्गारिक खेती, कुहिने फोहरबाट कम्पोष्ट मल, शहरी क्षेत्रमा कौसी खेती, सडक किनारामा वृक्षरोपण, खेर गएको पानीको प्रयोग, प्रयोग गर्न सक्ने घरमा ग्यासको सट्टा बढी मात्रामा विद्युतीय चुह्लोको प्रयोग बढाउने, दैनिक जीवनमा ऊर्जा र पानीको प्रयोगमा किफायती बन्ने विषयहरु सञ्चार गर्ने, उज्यालो नगर अभियान अन्तर्गत नगर क्षेत्र भित्र सौर्य सडक बत्ती जडानको लागि पहल गरिनेछ।

५८. नगरबासीहरूलाई नबिकरणीय उर्जा खपत हुने विद्युतीय चुलो, सोलार बत्ती, बायो ग्याँसको प्रयोग गर्न प्रोत्साहन गरिनेछ।

५९. विपद व्यवस्थापनको लागि बिपद ब्यबस्थापन कोषमा प्रयाप्त बजेटको व्यवस्था गरी कार्यविधि अनुरूपका विपद् प्रतिकार्यका पूर्वतयारी, खोज, उद्धार, राहत र पुर्नस्थापना गरिनेछ।

६०. रोग पछिको उपचार र बिपद् पश्चात गरीने उद्धार भन्दा सचेतना र सावधानी लाई बढी महत्व दिई सो अनुरूपका कार्यक्रमहरू गरिनेछ। नगरपालिकाको विपद् व्यवस्थापन तयारी तथा प्रतिकार्य योजना आबस्यकता अनुरूप लागु गरिनेछ।

६१. सडक वरीपरी पहिरो नियन्त्रणको लागि अम्रिसो, निगालो, बाँस जस्ता बोटबिरूवा रोपी वातावरण सन्तुलन कायम गर्दै उत्पादन र आयआर्जनमूलक बोटबिरूवा रोपण कार्यलाई प्राथमिकता दिदै बायो इन्जिनियरिङलाई जोड दिइनेछ।

६२. दिगो विकासका लक्ष्य हासिल गर्न वातावरण मैत्री सफा, स्वच्छ र हरित वातावरण संरक्षण

गर्ने नीति लिदै स्वरुप सामुदायिक बन मा आधारित वृक्षारोपणका लागि नर्सरी स्थापना गरिनेछ। टोल स्तर देखि नै समुदाय परिचालन गरि "**सुन्दरबजार, साँच्चिकै सुन्दर**" अभियानको थालनी गरिनेछ।

## ङ) सुशासन, संस्थागत विकास तथा सेवाप्रवाह तर्फ,

६३. यस नगरपालिकाबाट प्रवाह गरीने सेवालाई मितव्ययी, प्रभावकारी, उत्तरदायी, पारदर्शी र नतिजामुखी तुल्याउनको लागि आवश्यक संरचनागत र संस्थागत व्यवस्थालाई जनमुखी तुल्याउदै नागरिकमैत्री सेवा प्रवाहको वातावरण सृजना गरिनेछ।

६४. नगरपालिकामा कार्यरत कर्मचारीहरूको कार्य प्रक्रियालाई वैज्ञानिक ढंगले व्यवस्थापन गर्न प्रमुख प्रशासकीय अधिकृत एवम् सबै कर्मचारीहरू बीच कार्यसम्पादन करारको सम्झौता गरी सेवा प्रवाहलाई थप प्रभावकारी एवम् नतिजामुलक बनाइने छ। साथै कर्मचारीको मनोबल उच्च राख्न कर्मचारीको क्षमता अभिवृद्धि, पुरस्कार, सम्मान र प्रोत्साहन लाई निरन्तरता दिइनेछ।

६५. सवै वडा कार्यालयहरूलाई नागरिकमैत्री पुर्वाधारको पर्याप्त व्यवस्था सहित सेवा प्रवाहलाई सरल र सहज बनाईनेछ साथै नागरिकको सहजताका लागि डिजिटल नागरिक बडापत्र जडानमार्फत उत्तरदायी संयन्त्रको विकास गर्दै लगिने छ।

६६. नगरपालिकाको संस्थागत क्षमता वृद्धिका लागि अभिलेख प्रणालीलाई व्यवस्थित गर्दै प्रविधिमैत्री बनाईनेछ। संगठन तथा ब्यबस्थापन प्रतिबेदन अनुरूपको ढाचामा संस्थागत सुधार गरी हाल उपलब्ध जनशक्तिलाई व्यवस्थापन गरिनेछ। वडा स्तरमा रहेको कार्य बोझ लाई मध्यनजर गर्दै आबस्यकता तथा श्रोत उपलब्धताका आधारमा जनशक्ति ब्यबस्थापन गरिनेछ।

६७. सेवाग्राहीको गुनासो सुनुवाई तथा सहजताको लागि सेवा प्रतिको सन्तुष्टि मापन गर्ने व्यवस्था मिलाईनेछ। एक चौमासिकमा एउटा सार्बजनिक सुनुवाई गरिने व्यवस्था मिलाइनेछ।

६८. नगरपालिकाभित्र सञ्चालित योजना, कार्यक्रम तथा नगरपालिका अन्तर्गतका बिषयगत निकायहरूको काम कारवाहीलाई प्रभावकारी एवम् गुणस्तरीय तुल्याउनको लागि अनुगमन तथा मुल्याङ्कन कार्यलाई नियमित संयन्त्रको रुपमा विकास गरिनेछ।

६९. यस नगरपालिकामा कानुनी शासनको प्रणालीलाई स्थापित गर्नको लागि स्थानीय तहलाई प्रदत्त कानून निर्माण अधिकारभित्र रही सङ्घीय र प्रदेशसँगको तादात्म्यता अनुरूप आवश्यक कानून तथा कार्यविधिहरू निर्माण गरिनेछ साथै मौजुदा ऐन कानुन तथा कार्यविधिकोको समय सापेक्ष परिमार्जन गरिनेछ।

७०. नगरपालिकाका सेवाग्राहीहरूको सम्मान गर्दै नेपाल सरकारको सुशासन सम्बन्धी "**म भ्रष्टचार गर्दिन, म भ्रष्टचार हुन दिन्न र जनताका लागि इमान्दार भएर काम गर्नेछु**" भन्ने

सङ्कल्प सहितको कार्य संस्कृतिको प्रवर्द्धन गर्दै नगरपालिकाबाट हुने सबै सेवाहरू छिटो, छरितो र भ्रष्टचार रहित तुल्याउदै भ्रष्टचारमा शून्य सहनशिलता कायम गरिनेछ।

७१. संगठनको आकार बढ्दै जाँदा यसले चालु खर्चमा बृद्धि हुने तर आन्तरिक आयमा सोहि अनुपातमा बढोत्तरी नहुने भएकोले चालु प्रकृतिका फजुल खर्चहरू (शुभकामना विज्ञापन, चन्दा, अन्यत्र आर्थिक सहयोग जस्ता) पूर्ण रूपमा कटौति गरिनेछ।

७२. नगरपालिकावासी नागरिकहरूका बीचमा सामाजिक सदभाव र मेलमिलाप कायम गर्न न्यायिक समितिमा पर्न आएका बिबादहरूको निष्पक्ष र प्रभावकारी निरूपण गर्नका लागि न्यायिक समितिको सशक्तिकरण सँग सम्बन्धित क्रियाकलाप संचालन गरिनेछ।मेलमिलापकर्ताको व्यवस्था गरि न्यायिक कार्यलाई सरल बनाइनेछ।

७३. नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई प्राप्त राजश्व सम्बन्धी अधिकारको प्रयोग गर्दै नगरपालिकालाई आर्थिक रुपमा समृद्ध एवम् आत्मनिर्भर बनाउन राजश्वका सबै संभावना र क्षेत्रहरूको खोजी गर्दै प्रगतिशील र समतामूलक ढंगले करको दायरा फराकिलो बनाउँदै करको दरहरू निर्धारण गरिनेछ।

७४.राजश्व प्रशासनको प्रभावकारिताको लागि आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड बनाई लागू गरिनेछ। आन्तरिक नियन्त्रण प्रणालीलाई थप सशक्त र प्रभावकारी बनाइनेछ। नगरपालिका भित्र ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर लगायतको बिक्री तथा निकासी प्रणालीलाई व्यवस्थित तुल्याउन सम्भाव्य सबै क्षेत्रहरूलाई करको दायरामा ल्याइनेछ।

७५. यस नगरपालिका अन्तर्गत सञ्चालित योजनाहरूमा उपभोक्ता वा निर्माण कम्पनीले उपयोग गर्ने नदीजन्य तथा अन्य प्राकृतिक स्रोत सामाग्रीहरूको उपयोग गरे बापतको कर नगरपालिकाको आर्थिक ऐनमा व्यवस्था भए बमोजिमको दरमा असुली गर्नको लागि आवश्यक पहल गरिनेछ।

७६. सबै किसिमका पेशा व्यवसाय सञ्चालनको दर्ता, नविकरण गर्ने कार्यलाई छिटो, छरितो, सरल, पारदर्शी र करदाता मैत्री बनाइनेछ। कर सङ्कलनलाई थप प्रभावकारी बनाई प्रक्षेपण गरिएको राजश्व यथा समयमा सङ्कलन गर्न वडा समितिलाई परिचालन गरिनेछ।नगरभित्र नापी र मालपोत केन्द्र स्थापना गरि सेवा प्रबाह गर्न पहल गरिनेछ।

७७. राजस्व सुधार वर्षका रूपमा अभियान संचालन गरी मैले तिरेको कर मेरो विकासको लागि भन्ने अवधारणालाई विकास गर्दै नगरबासीहरूमा करको अपनत्व बोध गराउनको लागि उद्योगी व्यवसायीहरू सँगको समन्वयमा करदाता शिक्षा कार्यक्रम संचालन गरिनेछ।

७८. नगरपालिकाबाट गर्ने खर्च प्रणालीलाई व्यवस्थित गरी बेरूजु तथा पेश्कीलाई निरूत्साहित गर्दै आर्थिक पारदर्शिता कायम गरिनेछ। काम सम्पन्न भएपछि मात्र भुक्तानी दिने गरी पेश्की नियन्त्रण गर्ने नीतिलाई निरन्तरता दिदै बेरूजु शुन्य बनाउन आवश्यक व्यवस्था मिलाइनेछ।

७९. यस नगरपालिका भित्र सञ्चालन भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय सामुदायिक एवमं गैर सरकारी संस्थाहरूसँग सामाजिक विकासमा साझेदारी गर्दै ती संस्थाहरूलाई जवाफदेही र मर्यादित बनाउदै पारदर्शी र व्यवस्थित रुपमा परिचालन गर्न सामाजिक विकास शाखा अन्तर्गत संघ संस्था समन्वय उपशाखा गठन गरिनेछ ।

८०. नगरपालिकासँग विकास र जनसेवामा साझेदारी गर्न चाहने तथा नगरपालिकाको नीति तथा सोच संग सहमत हुने स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थासंग सहकार्यका लागि प्राथमिकता दिई स्थानीय सरकार सञ्चालन ऐनमा भएको व्यवस्था समेतका आधारमा विकासका गतिविधिमा सँग समन्वय तथा सहकार्य गरिनेछ ।

**नगरसभाका सदस्यज्यूहरू**,

नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वनयबाट "**सुन्दरबजार, साँच्चिकै सुन्दर**"अभियानमार्फत सम्बृद्ध सुन्दरबजारको गन्तव्यमा पुग्नको लागि हाम्रा प्रत्येक कार्यहरूको केन्द्रविन्दुमा आम नागरिक हुनेछन । सबैलाई समान अवसर, समान अधिकार, उत्तिकै सुरक्षा, उत्तिकै सम्मानको प्रत्याभूति गरिनेछ ।

अन्तमा, चालु आ.व. को कार्यक्रम संचालन तथा आगामी आ.ब. को लागि प्रस्तावित नीति, कार्यक्रम तथा बजेटमा सम्मानित सदस्यज्यूहरूको सुधारका सुझावहरूको अपेक्षा गर्दछु । नीति बजेट र कार्यक्रमको तयारी देखि छलफल गरी पारित गर्ने कार्यमा संलग्न सम्पूर्ण नगर सभासदस्यज्यूहरू, रचनात्मक सुझाव दिनुहुने सम्पूर्ण राजनीतिक दल आबद्ध व्यक्तित्वहरू, कर्मचारी लगायत सवैमा हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु धन्यबाद ।

**कृष्ण प्रसाद कोइराला**
**प्रमुख**

# सुन्दरबजार नगरपालिकाको नगर सभाको १२ औं अधिबेशनमा उपप्रमुख श्री भवानी के .सी. द्वारा प्रस्तुत

## सुन्दरबजार नगरपालिकाको आ.ब . २०८०/८१ को बजेट वक्तव्य

**नगरसभाका आदरणीय अध्यक्षज्यू,**

**नगरसभाका सदस्यज्यूहरू,**

नेपालको संविधान २०७२ ले गरेको ब्यवस्था बमोजिम स्थानीय सरकार संचालनको हालसम्मको महत्वपूर्ण अनुभव लाई समेत समाहित गरी सुन्दरबजार नगरपालिकाको नगर सभाको १२ औं अधिबेशनका लागि बजेट घोषणा गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ। यो गौरवपूर्ण अवसरमा राष्ट्र तथा राज्य निर्माणका लागि भएको जनआन्दोलन लगायतका संघर्षहरूमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु। साथै घाईते तथा बेपत्ता नागरिक प्रति सम्मान प्रकट गर्दछु। राजनैतिक, सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरू प्रति सद्भाव प्रकट गर्दछु।

वजेट तथा कार्यक्रम जनताप्रति जवाफदेहीता कायम गर्ने माध्यम र व्यवस्थापनको औंजार एवं नीतिगत दस्तावेज पनि हो। सीमित स्रोत साधनको माध्यमबाट असीमित चाहनाहरूलाई क्रमिक रूपमा पुरा गर्ने विषय अवश्य सरल होईन। योजना कार्यान्वयको अनुकूल वातावरण तयार गर्ने विषय मूलरूपमा नगरपालिकाको प्राथमिकतामा पर्दछ। वजेट तथा कार्यक्रम निर्माण गर्दा बढी आशावादी र सुधारको अवधारण लिएर बनाउने तर कार्यान्वयनमा ढिलासुस्ति, निरासावादी र यथास्थितिवादी हुने प्रबृति हामी माभ्क विद्धमान छ।

यस सन्दर्भमा मैले वजेट प्रस्तुत गर्दा यस वास्तविकताले सार्थकता पाओस भनि विशेष ध्यान दिइएकी छु। यस वास्तविकताको नजिक पुग्न योजना तर्जुमाको लामो प्रक्रियाको माध्यमबाट तयार पारिएको यो बजेटमा संविधानमा उल्लेखित मौलिक हकहरू, संघीय तथा प्रदेश सरकारले अङ्गिकार गरेका नीति तथा प्राथमिकताहरू, आवधिक योजनाले समेटेका बिषयहरू, स्थानीय तहका विकासका समसामायिक मुद्दाहरू, आम नगरबासीबाट बेलाबेलामा उठाईएका आवाजहरू एवं हामी जनप्रतिनिधिहरू बाट बेलाबेलामा ब्यक्त गरेका प्रतिवद्धताहरू लगायत बिभिन्न बिषयगत समितिहरूबाट प्राप्त सुभ्कावहरूलाई समेत समेटेर यस आ.व.०८०/८१ को वजेट तथा कार्यक्रम तयार गरेकी छु।

अब म चालु आ.व.को संशोधित आय तथा व्ययको विवरण पेश गर्दछु। कुल आय संशोधन गरी ६४ करोड ५३ लाख ९१ हजार कायम गरिएको छ। चालु खर्च तर्फ ३७ करोड २२ लाख ५६ हजार ९०० रूपैयाँ अनुमान गरिएको छ। पूँजीगत तर्फ २७ करोड ३१ लाख ३४ हजार १०० रूपैँयाको संशोधित अनुमान गरिएको छ।

**सभाका अध्यक्षज्यू, सभाका सदस्यज्यूहरू**

**अव म आगामी आर्थिक वर्ष २०८०/८१ को वजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्य निम्न अनुसार रहेका छन् :**

१. कृषिमा आधुनिकरण र ब्यबासायिकरण गर्दै कृषि र पशुपालनका सामुहीक कामबाट रोजगारी श्रृजना गरी गरिबी घटाउने ।

२. शिक्षा र स्वास्थ्यका कामहरू गुणस्तरीय बनाउने जनताको घरआँगन सम्म पुर्‍याउने ।

३. "बाटोको शत्रु पानी, बाटोको सुरक्षाका लागी नालीमा लगानी" अभियान अन्तर्गत भौतिक विकासका कामको प्राथमिकीकरणमा लगानी गर्ने ।

४. सुन्दरबजार नगरपालिकाका कर्मचारीहरूमा क्षमता विकास कार्यक्रम मार्फत कामकर्तव्य र अनुशासन प्रति जागरूक बनाई जनमैत्री सेवा प्रवाह गर्ने ।

५. वडा वजेट विनियोजन गर्दा भौतिक निर्माणका साथै आर्थिक, सामाजिक, विपद ब्यबस्थापन लगायतका विषयगत क्षेत्रमा वजेट विनियोजन गर्ने ।

**बजेटका उल्लेखित उद्देश्यहरु परिपूर्ति गर्न देहाय बमोजिम क्षेत्रगत प्राथमिकता र कार्यक्रम मिलाएको छु ।**

१. उच्च मूल्यका कृषि बस्तुको उत्पादन बढाउने र बजार बिस्तार गर्ने नीति अबलम्बन गर्ने।

२. उत्पादनमुलक र रोजगारी श्रृजना गर्ने समुह सदस्यमा आधारित कार्यक्रम ।

३. भौतिक विकासका निर्माणजन्य कामहरू उपभोक्ता समिति मार्फत गर्न प्राथमीकता दिने।

४. समपुरक/विशेष/सडकबोर्ड र १५ लाख रकम भन्दा माथिका एवं जटील प्रकृतिका कामहरू बोलपत्र मार्फत गर्ने ।

५. जनप्रतिनिधि/कर्मचारीको अतिरिक्त भत्ता कटौती गरी चालु खर्च कम गरी नागरिकलाई प्रत्यक्ष सहयोग पुग्ने पुंजीगत खर्च बढाउने ।

६. खाने कसरी, पिउने कसरी - समुदायमा स्वास्थ्यकर्मी कार्यक्रम मार्फत वृद्धअवस्थाका व्यक्तिको स्वास्थ्य परीक्षण गर्नगरी टोलटोलमा स्वास्थ्यकर्मी पुर्याउने ।

७. बस्ती सुरक्षा अन्तरगत तटबन्ध कार्यक्रम संचालन गर्ने ।

८. परम्परागत श्रम, सीपमा आधरित कार्यलाई व्यवसायीक बनाउने ।

९. सडकतर्फ नयाँ ट्र्याक नखोल्ने, भएका सडकको स्तरोन्नती गर्ने ।

**सभाका अध्यक्षज्यू, सभाका सदस्यज्यूहरू,**

अव म चालु आर्थिक वर्ष २०७९/८० को आय व्ययको यथार्थ स्थिति प्रस्तुत गर्न चाहन्छु । चालु आर्थिक वर्षमा रू १ करोड ५० लाख राजस्व परिचालन हुने अनुमान रहेकोमा २०८०

असार ७ गतेसम्म रू १ करोड ७ लाख ५३ हजार ५ सय ६६ राजस्व संकलन भएको छ। त्यसैगरी चालु आर्थिक वर्षको असार ७ गतेसम्म नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान बापत रू ८ करोड ३२ लाख १६ हजार, संघीय राजस्व वाँडफाँड बापत रू ७ करोड १८ लाख ४४ हजार रूपैया प्राप्त भएको छ। त्यस्तै प्रदेश वित्तिय समानीकरण अनुदानवापत रू ८६ लाख ९२ हजार आय प्राप्त भएको छ। प्रदेश राजस्व बाँडफाँड बाट प्राप्त हुने आय ७६ लाख प्राप्त भएको छ। चालु आर्थिक वर्षको सशर्त अनुदान तर्फ रू ३१ करोड ४६ लाख २२ हजार रूपैया प्राप्त भएको छ। त्यस्तै सामाजिक सुरक्षा भत्ता बापत रू १४ करोड १६ लाख ५६ हजार रूपैया प्राप्त भएको छ।

चालु आर्थिक वर्षमा २०८० असार ७ गतेसम्म चालु खर्च रू ३५ करोड ३० लाख २५ हजार ९ सय २९ रूपैया तथा पूँजीगत खर्च रू ९ करोड ५६ लाख ६३ हजार ३ सय ३२ गरी जम्मा रू ४४ करोड ८६ लाख ८९हजार २ सय ६१ रूपैया व्यय भएको छ।

आर्थिक वर्ष २०७८/७९ को राजस्व र व्ययको यथार्थ विवरण, आर्थिक वर्ष २०७९/८० को हाल सम्मको आय तथा व्यय विवरण र आर्थिक वर्ष २०८०/८१ को अनुमानित आयव्ययको विवरण अनुसूचीहरूमा उल्लेख गरेको छु।

**सभाध्यक्ष महोदय तथा सदस्यज्यूहरू,**

अब म क्षेत्रगत रूपमा आगामी वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु। सर्वप्रथम म **सामाजिक विकास क्षेत्र र यसका उपक्षेत्रगत कार्यक्रम**हरूको विनियोजन प्रस्तुत गर्दछु।

**सामाजिक विकास क्षेत्र अन्तर्गत अब म स्वास्थ्य उपक्षेत्रको बजेट प्रस्तुत गर्न चाहन्छु ।**

- विकासको साध्य र साधन दुवै नागरिकनै भएकाले सवै नागरिकलाई स्वस्थ बनाई उत्पादकत्व अभिवृद्धि गर्न र सवल मानव पुँजी निर्माण गर्न स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकता दिई वजेट विनियोजन गरेको छु।
- घरमा हुने सुत्केरी सुन्य गर्नका लागि जिल्ला भित्र प्रसुती गराउन जादा एम्बुलेन्स सेवा निःशुल्क उपलब्धता कार्यक्रम तथा प्रसुती गराउदा छोरी जन्मेमा छोरीको नाममा प्रति जन्म रू. २ हजारको बैंक खाता खोल्ने कार्यक्रमलाई निरन्तरता दिदै रू. २ लाख बिनियोजन गरेको छु।
- नियमित स्वास्थ्य संस्था नभएका वडाहरू तथा भौगोलिक रूपले स्वास्थ्य संस्थासम्म पुग्न असहज हुने क्षेत्रका लागि शहरी स्वास्थ्य केन्द्रलाई निरन्तरता दिएको छु। यसका लागि २४ लाख रूपैयाँको व्यवस्था गरेको छु।
- स्वास्थ्य संस्थाहरूको आवधिक लेखाजोखा गरी सुधार गर्ने प्रयोजनका साथ छानिएका स्वास्थ्य संस्थाहरूको सामाजिक परीक्षणका लागि १ लाख रूपैयाँ तथा एच.आई.भी संक्रमितलाई प्रोत्साहन तथा सहयोगात्मक कार्यका लागि १ लाख बजेट बिनियोजन गरेको छु।

- अस्पताल अनुदान तथा भोटेवड़ार आँखा केन्द्र तथा सहरी स्वास्थ्य केन्द्रलाई अनुदानका लागि ३५ लाख बजेट छुट्ट्याएको छु ।
- नागरिकको आरोग्यतालाई ध्यानमा राख्दै महामारी रोग नियन्त्रण कार्यक्रम अन्तर्गत डेंगु लगायतका किटजन्य रोगहरूको नियन्त्रणका लागि लामखुट्टेको वासस्थान खोजी गरी लार्भा नष्ट गर्ने अभियान सञ्चालन गर्ने तथा सरोकारवालाहरूसँग अभिमुखिकरण गर्ने र किटजन्य रोग नियन्त्रण कार्यक्रमको डाटा भेरिफिकेशन तथा अत्यावश्यक औषधी, स्वास्थ्य सामग्री तथा औजार खरिद गर्ने प्रयोजनका लागि २० लाख बजेट बिनियोजन गरेको छु ।
- परिवार कल्याण कार्यक्रम अन्तर्गत प्रजनन स्वास्थ्य कार्यक्रम, मातृ तथा नवजात शिशु कार्यक्रम , आमा सुरक्षा, गर्भवती, रक्तसंचार, उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रमका लागि ३१ लाख रकम बिनियोजन गरेको छु । पोषण कार्यक्रम, कोभिड १९ विरूद्ध खोप अभियान तथा बुस्टर खोप तथा क्षयरोग नियन्त्रण कार्यक्रमका लागि नियमित खोप सुदृढीकरण, पूर्ण खोप सुनिश्चतताका लागि बजेटको व्यवस्था गरेको छु ।
- विद्यालय स्वास्थ्य शिक्षा/आमा समूह तथा महिला स्वास्थ्य स्वयं सेविकाहरूका लागि सामाजिक ब्यवहार परिवर्तन तथा सुर्तिजन्य पदार्थ तथा मध्यपान सेवनको न्यूनिकरण सम्बन्धी संचार कार्यक्रम कार्यक्रमका लागि आवश्यक बजेटको ब्यवस्था गरेको छु ।
- नागरिकको आरोग्यताका लागि टोल टोलमा स्वास्थ्य सेवा पुर्‍याउने उदेश्यले समुदायमा स्वास्थ्यकर्मी परिचालन गरि "**खाने कसरि पिउने कसरि कार्यक्रम**"का लागि रू ५ लाख बिनियोजन गरेको छु ।
- आयुर्बेद सेवा कार्यक्रम अन्तर्गत सशर्त तर्फ औषधालयको तलब, भत्ता, सञ्चालन खर्चका लागि आवश्यक पर्ने बजेटका साथै आन्तरिक तर्फ योग शिबिर तथा आयुर्बेद शिबिर सञ्चालन एवम् औषधि खरिद लगायतका कार्यक्रमका लागि सशर्त तर्फ ११ लाख र आन्तरिक तर्फ १२ लाख बजेट बिनियोजन गरेको छु ।
- यसरी सशर्त अनुदान तर्फ ७ करोड ६८ लाख २३ हजार र आन्तरिक स्रोत तर्फ ९३ लाख गरी स्वास्थ्य तथा आयुर्बेद क्षेत्रमा जम्मा ८ करोड ६१ लाख २३ हजार रूपैयाँ विनियोजन गरेको छु ।

**सभाका अध्यक्षज्यू तथा सभाका सदस्यज्यूहरू,**

**अब म शिक्षा उपक्षेत्रको बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- सामाजिक रूपान्तरण र आर्थिक विकासको आधारशिला रहेको शिक्षाको विकासमा मैले

सर्वोपरी जोड दिएको छु । शिक्षालाई प्राविधिक, व्यवसायिक तथा रोजगारमूलक बनाउँदै सक्षम, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति निर्माण गर्न आवश्यक वजेटको व्यवस्था मिलाएको छु ।

- सबैका लागि शिक्षा अन्तर्गत स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदानका लागि १७ करोड १६ लाख वजेट विनियोजन गरेको छु ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार्न बिद्यालय शिक्षा क्षेत्र योजनाका लागि ४ करोड ३६ लाख वजेट विनियोजन गरेको छु ।
- अत्यन्त न्यून पारिश्रमिकमा सेवा गरिरहेका बाल विकास केन्द्रका सहजकर्ताहरू, विद्यालय कर्मचारीहरू तथा सामुदायिक सिकाइ केन्द्रका समुदाय परिचालकलाई संघ सरकारको साझेदारीमा न्यूनतम पारिश्रमिक उपलब्ध गराउने प्रयोजनका लागि ९० लाख तथा बाल विकास केन्द्रका सहजकर्ताहरूको तालिम का लागि २ लाख ८० हजार रकमको व्यवस्था गरेको छु ।
- विद्यालयका लेखाका कर्मचारी तथा लेखाको काम गर्ने शिक्षकलाई तालिम, शैक्षिक मेला तथा सामग्री प्रदर्शनी लगायतका  लागि ५ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।
- शिक्षकहरूलाई उत्प्रेरणा पुर्‍याउने हेतुले भ्रमण तथा अनुभब आदान प्रदान तथा उत्कृस्ट कार्यसम्पादन गर्ने कर्मचारी, शिक्षक, बिब्यस पदाधिकारीका लागि सम्मान तथा पुरस्कार तथा उत्कृस्ट कार्यमूलक अनुसन्धान प्रकाशन तथा पुरस्कार, विद्यार्थीहरूमा छिपेर रहेको अन्तरनिहित प्रतिभा पहिचान कार्यक्रमका लागि ८ लाख छुट्ट्याएको छु ।
- ज्ञान निर्माणमा योगदान पुर्‍याउने प्रयोजनले  अध्ययन तथा अनुसन्धान शिर्षकमा ३ लाख तथा न्युन आय भएका जेहेन्दार छात्रालाई प्रोत्साहन स्वरुप **उपप्रमुख जेहेनदार छात्रवृति कार्यक्रम**लाई निरन्तरता दिदै २ लाख छुट्ट्याएको छु ।
- यसरी सशर्त अनुदान तर्फ २१  करोड ५२ लाख र आन्तरिक स्रोत तर्फ १ करोड ६५  लाख गरी शिक्षा क्षेत्रमा जम्मा २३ करोड १७  लाख रूपैयाँ विनियोजन गरेको छु ।

**अब म युवा परिचालन, खेलकुद तर्फको विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- वडा तथा नगरस्तरमा युवा क्लब तथा युवा सञ्जाल गठन गरी युवाहरूको क्षमता विकास गर्न १ लाख, राष्ट्रपति रनिङ शील्ड प्रतियोगिताका लागि सशर्त तर्फ १ लाख र आन्तरिक तर्फ १० लाख  गरी जम्मा ११ लाख रूपैयाँ विनियोजन गरेको छु । मेयर कप फुटबल प्रतियोगिताका लागि ४ लाख रूपैयाँ छुट्याएको छु । दुर्वयसनीमा फसेका युवा लाई सचेतना तथा जिबनोपयोगी ब्यबसाय सहायताका लागि ५ लाख बिनियोजन गरेकी छु । यसरी युवा परिचालन तथा खेलकुद क्षेत्रतर्फ जम्मा २० लाख रूपैया बिनियोजन गरेको छु ।

**सभाका आदरणीय अध्यक्षज्यू, तथा सभाका सदस्यज्यूहरू,**

**अब म लैंगिक समानता तथा सामाजिक समावेशीकरण उपक्षेत्रको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

- बाल सञ्जाल गठन तथा परिचालन, बाल सञ्जाल बैठक सञ्चालन तथा बाल मैत्री स्थानीय स्थानीय शासन सञ्चालनका लागि ७ लाख ८० हजार रूपैयाँ विनियोजन गरेको छु ।
- स्थानीय जेष्ठ नागरिक समन्वय समितिको गठन तथा बैठक सञ्चालन,ज्येष्ठ नागरिक भेला, परम्परागत सीप हस्तान्तरण, जेष्ठ नागरिक सम्मान तथा भ्रमण कार्यक्रम लागि समेत गरी ४ लाख २५  हजार रूपैयाँ छुट्र्याएको छु ।
- अपाङ्गता सम्बन्धी बैठक र अपाङ्गता भएका व्यक्तिका परिवारका सदस्यहरूलाई सीप विकास तालिम तथा व्यवसाय स्थापना सहयोगका लागि ३ लाख रूपैयाँ  तथा महिलाहरूको लागि मखमलका जुत्ता बनाउने तालिम र टपरी बनाउने तालिमका लागि ५ लाख ५० हजार रूपैयाँ विनियोजन गरेको छु ।
- यसरी लैंगिक समानता तथा सामाजिक समावेशीकरणका लागि २० लाख रूपैयाँ विनियोजन गरेको छु ।

**अब म सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम सम्बन्धी विनियोजन प्रस्तुत गर्न चाहन्छु ।**

- संघीय सरकारको अनुदानमा सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई निरन्तरता दिंदै यसका लागि १५ करोड ५० लाख  रूपैयाँ विनियोजन गरेको छु ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम तथा युवा रोजगारीको लागि रूपान्तरण पहल परियोजनामा सशर्त तर्फ ७४  लाख र आन्तरिक तर्फ  २० लाख ५० हजार रूपैयाँ गरी जम्मा  ९४ लाख ५० हजार रूपैया विनियोजन गरेको छु ।
- त्यसैगरी विपन्न नागरिक सहायता तर्फ रू १० लाख रकम बिनियोजन गरेको छु ।
- यसरी सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमका लागि कुल १६ करोड ५४ लाख ५० हजार रूपैयाँ विनियोजन गरेको छु ।

**सभाध्यक्षज्यू, तथा सभाका सदस्यज्यूहरू,**

**अब म आर्थिक विकास क्षेत्रका विभिन्न उपक्षेत्र तथा कार्यक्रमहरुको विनियोजन प्रस्तुत गर्न चाहन्छु ।**

**अब म कृषि उपक्षेत्रतर्फको विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- नागरिकको खाद्य अधिकार सुरक्षित गर्दै गरिवीको अन्त्य गर्न, ठुलो संख्यामा रहेका कृषक परिवारको आयस्तर वृद्धी गर्न तथा सवल अर्थतन्त्रको निर्माण गर्न कृषिको आधुनिकीकरण, विशिष्टीकरण र व्यवसायीकरण गर्न बजेट केन्द्रित गरेको छु ।

- उन्नत बीउ विजन, मलखादको व्यवस्था तथा सिचाईको प्रवन्ध गर्दै उन्नत खेती र उच्च मूल्यका बालीको विकास गर्न तथा रैथाने बाली प्रबर्दनका लागि १५ लाख ३६ हजार, साना सिंचाई पूर्वाधार निर्माणका लागि १५ लाख ३९ हजार रूपैयाँ विनियोजन गरेको छु ।
- मौरी घार, उपकरण वितरण, च्याउको बीऊ वितरण,तरकारी मिनीकिट वितरण तथा मह प्रशोधन केन्द्र स्थापनाका लागि १३ लाख ५० हजार रूपैयाँ विनियोजन गरेको छु । यसका लागि किसानका तर्फबाट समेत केहि प्रतिशत साझेदारी हुनुपर्ने व्यवस्था मिलाएको छु ।
- आई.पी.एम कृषक पाठशालाका लागि १ लाख ५० हजार तथा लागत सहभागितामा प्लास्टिक घर निर्माणका लागि १२ लाख रूपैया बजेटको व्यवस्थापन गरेको छु ।
- कृषि स्नातक करार तथा पशु सेवाका एक गाँउ एक प्राविधिकहरूको ब्यबस्था, किसान सूचीकरण कार्यक्रम तथा कृषि, पशुपन्छी तथा मत्स्य तथ्याकं अध्यावधिक कार्यक्रमका लागी १३ लाख रूपैयाँ बजेटको प्रबन्ध गरेको छु ।
- पकेट विकास कार्यक्रमलाई निरन्तरता दिदै पकेट विकास कार्यक्रमका लागि ५० लाख रूपैयाँ बजेटको व्यवस्था गरेको छु ।
- लागत सहभागीतामा प्लाष्टिक घर निर्माण, लागत सहभागीतामा समुहमा हलेदो खेती, सामुहिक कृषि खेतिका लागि समेत १५ लाख बिनियोजन गरेको छु ।
- यसरी कृषि क्षेत्रमा सशर्त तर्फ ४९ लाख, बिषेश अनुदान तर्फ ५० लाख र आन्तरिक स्रोत तर्फ ३५ लाख गरी जम्मा १ करोड ३४ लाख रूपैयाँ विनियोजन गरेको छु ।

**अब म पशु सेवा तर्फको बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- पशुको स्वास्थ्य परीक्षण, उपचार र उपयुक्त परामर्श उपलब्ध गराउन पशुपंक्षीको मेडिकल उपचार, माइनर सर्जिकल उपचार, गाइनाकोलोजिकल उपचार, आन्तरिक तथा बाह्य परजीवि नियन्त्रण जस्ता पशु उपचार सेवाका लागि ८ लाख बजेट व्यवस्था मिलाएको छु ।
- नगरपालिकामा आवश्यक एक भेटेरिनरी डाक्टरको प्रबन्धका लागि ५ लाख २५ हजार रूपैयाँ बजेट विनियोजन गरेको छु ।
- विपन्न तथा व्यवसायिक किसान तथा जैविक बिबिधतालाई समेत लक्षित गरी माछा भुरा तथा बंगुरका पाठा वितरण कार्यक्रम तर्फ ३ लाख १० हजार रूपैयाँ व्यवस्था गरेको छु ।
- यसरी सशर्त अनुदान तर्फ ४१ लाख र आन्तरिक स्रोत तर्फ २७ लाख गरी पशु सेवा क्षेत्रमा जम्मा ६८ लाख रूपैयाँ विनियोजन गरेको छु ।

**अब म उद्यम तथा व्यवसाय क्षेत्रको विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- उपभोक्ता हित तथा व्यवसाय संरक्षण बजार व्यवस्थापनका आयामहरू हुन् । यसका लागि

नियमित बजार अनुगमन गर्नु आवश्यक हुन्छ । यसका लागि आवश्यक रकमको प्रबन्ध गरेको छु ।

- सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रबिधि हस्तान्तरण गर्ने तथा लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने तथा भएका उद्यमीको स्तरोन्नती गर्ने गरि गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रमका लागि १३ लाख बजेट छुट्टयाएको छु ।
- नगरभित्र उधमशिलताको विकास तथा प्रबर्धन गर्न मेयर उधमशिलता कार्यक्रमका लागि ५० लाख र उप प्रमुख महिला उद्धमी प्रबर्धन कार्यक्रमका लागि ३० लाख रकम बिनियोजन गरेको छु ।
- यसरी सशर्त अनुदान तर्फ १३ लाख र आन्तरिक स्रोत तर्फ ८० लाख गरी उद्यम तथा व्यवसाय क्षेत्रमा जम्मा ९३ लाख रूपैयाँ विनियोजन गरेको छु ।

**अब म सहकारी विकास उप क्षेत्रको विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

सहकारी विकासका लागि नियामक कार्य गर्न, सहकारी शिक्षा लगायत प्रबर्द्धनात्मक कार्यका तथा स्थानीय सहकारी प्रशिक्षण कार्यका लागि कुल रकम रू १० लाख सहकारी क्षेत्रमा बिनियोजन गरेको छु ।

## आदरणीय सभा अध्यक्ष तथा सदस्यज्यू,

**अब म पूर्वाधार विकास क्षेत्र अन्तर्गतका कार्यक्रमहरूको विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- नगर गौरबका योजना अन्तर्गत नगरपालिकामा बहुउद्देश्यीय सिटी हल निर्माण तथा बसपार्क निर्माणका का लागि २५/२५ लाख रूपैयाँ बिनियोजन गरेको छु ।
- नगरकै सर्वाधिक ठुलो सिंचाई आयोजनाको रूपमा रहेको हाँडेटार सिंचाई आयोजनाका लागि ६० लाख तथा ऐतिहासिक सिंदुरे ढुँगा पार्क निर्माणका लागि रू १० लाख बिनियोजन गरेको छु ।
- त्यसैगरी आधा लागत सहभागितामा बिपन्न नागरिकलाई गाई भैंसी पालन अनुदानका लागि २५ लाख रूपैयाँ बिनियोजन गरेको छु ।
- नगर भित्रका बिभन्न स्थानमा सिंढी निर्माण कार्यका लागि रू २१ लाख बिनियोजन गरेको छु ।
- हलो क्रान्तिका नायक पंडित तोयानाथ अधिकारीको सम्झनामा "पंडित तोयानाथ स्मृति पार्क" निर्माण गर्नका लागि ५ लाख रूपैयाँ विनियोजन गरेको छु ।
- नगरपालिकाको प्रशासनिक भवन निर्माण कार्य सम्पन्न भई सेवा प्रबाह समेत सुरू भैसकेको अवस्था छ । कार्यालय भवन परिसरमा चमेना गृह तथा थप कार्यकक्ष निर्माणका लागि

१ करोड ५ लाख तथा कार्यालय प्रांगणमा  टाईल बिछ्याउने कार्यका लागि ८० लाख रूपैयाँ विनियोजन गरेको छु।

- संघिय तथा प्रदेश सरकारको तर्फबाट प्राप्त हुने समपूरक अनुदान, सडक बोर्डबाट प्राप्त हुने अनुदान लगायतमा  लागत साझेदारी लगायतका विभिन्न योजनामा थप रकम व्यवस्था गर्नका लागि १ करोड ५० लाख रूपैयाँ विनियोजन गरेको छु।
- पर्यटन पूर्वाधार विकास आयोजना अन्तर्गत वडा नं ७ स्थित कर्मदा नदी शिबजी मन्दिरका लागि  १० लाख रूपैयाँ विनियोजन गरेको छु।
- नगरपालिका र स्थानीय उपभोक्ताहरूको लागत सहभागितामा बजार क्षेत्रका भित्री सडकहरू पीच गर्ने कार्यका लागि १ करोड रूपैयाँ बजेट  विनियोजन गरेको छु।
- सुन्दरबजार-८ मा भारती सदन लिंगेडाडा हुदै रामदी पेट्रोल पम्प मोटरबाटो स्तरोन्नतिका लागि ८० लाख रूपैया तथा झोलुंगे पुल क्षेत्रगत कार्यक्रमका लागि रू ५० लाख रूपैयाँ छुट्याइएको छु  ।
- स्थानीय माग तथा आवश्यकताका आधारमा वडा स्तरीय कार्यक्रमहरू सञ्चालन गर्न सहज होस् भन्ने हेतूले सूत्रमा आधारित रहेर ११ वडाका लागि ६ करोड ५ लाख रूपैयाँ विनियोजन गरेको छु।
- सडक तथा बस्ती सौन्दर्यकरण योजनाका लागि १५ लाख, सर्बोदय स्कूलको छाना निर्माणका लागि १० लाख, ग्याग्दी र बह खोलामा फलामे पुल निर्माणका लागि १२ लाख, नेवा खल भवन वडा नं ९ का लागि ८ लाख लगायत विभिन्न योजनाका लागि आवश्यक बजेट बिनियोजन गरेको छु  ।
- मुस्लिम भवनका लागि २ लाख रूपैयाँ , इशाई धर्मावलम्बीको भवन मर्मतका लागि २ लाख रूपैयाँ  तथा सच्चाई केन्द्रका लागि २ लाख रूपैयाँ  बजेट ब्यबस्था गरेको छु।
- बस्ती बिकास कार्यक्रम अन्तर्गत वडा नं. ५ को तार्कु घुमाउने सडक स्तरोन्नतिका लागि ४० लाख तथा भोटेवडार तार्कुकोट पर्यटन पदमार्ग निर्माणका लागि १५ लाख रूपैयाँ बजेट छुट्टयाएको छु।
- नगर अस्पतालका रूपमा रहेको सुन्दरबजार अस्पतालको सुधारका लागि २५ लाख बिनियोजन गरेको छु।
- वडा न ६ मा फेदिकुना ऐसेलुचौर हुदै चंदिस्थान जाने सडक का लागि ६० लाख तथा वडा न ५ तार्कु देखि गहते सडक स्तरोन्नतिका लागि ५० लाख बजेट छुट्टयाएको छु।

**सभाका आदरणीय अध्यक्ष तथा सदस्यज्यूहरू,**

**अब म वन, वाताबरण तथा विपद् ब्यवस्थापन क्षेत्र अन्तर्गतका कार्यक्रमको विनियोजन प्रस्तुत गर्न चाहन्छु ।**

- पाउँदी खोला तथा मर्स्याङ्दी नदिमा मा जम्मा हुने ढुङ्गा गिट्टी तथा बालुवालाई ब्यबस्थित गर्दै अनियन्त्रित दोहन रोक्नका लागि वाताबरणीय प्रभाव मूल्याङ्कन गर्न १० लाख रूपैयाँ तथा संघ सरकारको सहयोगमा नवीकरणीय तथा वैकल्पिक उर्जा विकासको कार्यक्रमलाई निरन्तरता दिदै ८ लाख रूपैयाँ छुट्याइएको छु ।
- तत्काल उद्धार तथा राहत कार्यलाई व्यवस्थित गर्न स्थापित विपद व्यवस्थापन कोषका लागि ३० लाख रूपैयाँ विनियोजन गरेको छु।
- फोहोर मैला ब्यबस्थापनका तथा प्रशोधनमा लागि लागि १ करोड रूपैयाँ तथा बन तथा बाताबरण सम्बन्धि सचेतना कार्यक्रमका लागि १ लाख तथा सामुदायिक बनमा आधारित वृक्षारोपण का लागि फलफुल नर्सरी कार्यक्रमका लागि ४ लाख छुट्याइएको छु ।
- यसरी सशर्त तर्फ १ करोड ६३ लाख तथा आन्तरिक श्रोततर्फ ४० लाख गरी गरी वाताबरण संरक्षण तथा विपद व्यवस्थापन र फोहोरमैला ब्यवस्थापनमा जम्मा २ करोड ३ लाख रूपैयाँ विनियोजन गरेको छु।

**सभाका आदरणीय अध्यक्ष तथा सदस्यज्यूहरू,**

**अब म संस्थागत विकास क्षेत्रको विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

- नगरपालिकालाई सूचना प्रविधि मैत्री बनाउने अभियान स्वरुप कार्यालय तथा नगर क्षेत्रमा सी.सी क्यामेरा जडानका लागि रू ५ लाख तथा सूचना प्रबिधि ब्यबस्थापनका लागि ५ लाख रूपैयाँ विनियोजन गरेको छु।
- न्यायिक संमितिबाट सम्पादन हुने कार्य थप ब्यबस्थित गर्न ८ लाख साथै राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण कार्यलाई ब्यबस्थित तथा थप प्रभावकारी बनाउन ६ लाख रूपैयाँ बजेट व्यवस्था गरेको छु।
- सुशासन प्रबर्धनका लागि रू १० लाख, साझेदारितालाई प्राथमिकतामा राख्दै पत्रकार क्षमता अभिबृद्धि कार्यक्रमका लागि रू ५ लाख, गै.स. स साझेदारी तथा अन्य संघ संस्था साझेदारीका लागि रू २० लाख रूपैयाँ बजेट व्यवस्था गरेको छु।
- सार्वजनिक सुनुवाई, परामर्श, योजना निर्माण तथा कार्यान्वयनका लागि रू २० लाख बजेट व्यवस्था गरेको छु।
- कर प्रशासनलाई व्यवस्थित गर्दै करदाताहरूमा आवश्यक सूचना प्रवाह एव ब्यबसायीहरूसंगको सहकार्यमा राजस्व सुधार अभियानका लागि रू ७ लाख रूपैयाँ विनियोजन गरेको छु।

- उपभोक्ता समितिलाई अभिमुखीकरण तालिम, उत्कृष्ट उपभोक्ता समितिलाई पुरस्कार, प्रशासनिक कार्यसंचालन सम्बन्धि तालिम तथा सिप विकास तालिमका लागि रू २२ लाख छुट्याएको छु ।
- यसरी सुशासन, सेवा प्रवाह र संस्थागत क्षमता तर्फ आन्तरिक स्रोतबाट १ करोड २४ लाख रूपैयाँ विनियोजन गरेको छु ।

**सभाका अध्यक्ष महोदय तथा सदस्यज्यूहरू,**

**अव म बजेटमा उल्लिखित क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट विनियोजन र स्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु ।**

- आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रम कार्यान्वयन गर्न जम्मा रू ८८ करोड ५९ लाख रकम खर्च हुने अनुमान गरेको छु । कुल विनियोजन मध्ये चालुतर्फ ४७ करोड६ लाख ५० हजार अर्थात् ५३.१३ प्रतिशत र पुँजीगततर्फ रू ४१ करोड ५२ लाख ५० हजार अर्थात् ४६.८७ प्रतिशत रहेको छ । आगामी आर्थिक वर्षको व्यय अनुमानको विवरण (उपशिर्षकगत तथा खर्च शीर्षकगत समेत) नगर पालिकाको विनियोजन विधेयक, २०८० संगै पेश गरेको छु ।
- आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रू १० करोड ४५ लाख, संघीय विभाज्य कोषबाट प्राप्त हुने राजश्व बाँडफाँड रू ९ करोड २५ लाख सशर्त अनुदान र ३३ करोड ५५ लाख, संघीय समपुरक अनुदान रू ८० लाख, प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रू १ करोड ३८ लाख ३४ हजार, प्रदेश राजश्व बाँडफाँड रू १ करोड ३० लाख, आन्तरिक राजस्वबाट प्राप्त हुने रू १ करोड ६५ लाख तथा मालपोत रजिष्ट्रेशन तथा रोयल्टीबाट प्राप्त हुने आय रू १ करोड ६० लाख अनुमान गरेको छु । यसरी अनुमान गरिएको आम्दानीले अपुग हुन आउने न्युन पूर्ति गर्न चालु आर्थिक वर्षको असार मसान्तसम्म खर्च भई बाँकी रहने अनुमानित नगद मौज्दात र अन्य विभिन्न आम्दानी अनुमान गरेको छु ।

**सभाका अध्यक्षज्यू, तथा सदस्यज्यूहरू,**

**अव म आर्थिक वर्ष २०८०/८१ को लागि राजस्वका नीति प्रस्तुत गर्न चाहन्छु ।**

- स्थानीय सरकारको क्षेत्रभित्रका करको आधार फराकिलो पार्दै आन्तरिक राजस्व वृद्धि गर्न कर तथा गैरकर राजस्वको अधिकतम परिचालन गर्ने नीति लिएको छु । कर तथा गैरकर राजस्व संकलनलाई प्रभावकारी बनाउन कानुनी तथा संस्थागत सुधार गर्दै राजस्व सुधार अभियान संचालन गर्ने व्यवस्था मिलाएको छु । कर तथा गैरकरका दरलाई प्रगतिशील बनाई राजस्व परिचालन गर्ने व्यवस्था मिलाएको छु ।

- आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका नागरिकलाई ध्यानमा राखेर प्रगतिशील कर प्रणाली विकसित गरिनेछ।नगर पालिका क्षेत्रभित्रका फरक क्षमता भएकाहरूको परिचयपत्र सम्वन्धी, आर्थिक रूपमा विपन्नहरूको निशुल्क उपचार सम्वन्धी तथा प्राकृतिक प्रकोप सम्वन्धी सिफारिश दस्तुर छुट गरिनेछ।
- रोडा, ढुङ्गा, गिटी, बालुवा, चुनढुङ्गा लगायतका दहत्तर बहत्तर शुल्क, विज्ञापन कर र मनोरञ्जन कर स्थानीय तहबाट संकलन गरी बाँडफाँट खातामा जम्मा गरी ६० प्रतिशत स्थानीय तहमा राखी ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा हुने कानुनी व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। नगर पालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय दर्ता गर्न प्रोत्साहित गरी व्यवसायलाई करको दायरामा ल्याईनेछ।
- कर सम्वन्धी प्रस्ताव आर्थिक विधेयक, २०८० यसै साथ प्रस्तुत गरेको छु। कर सम्वन्धी प्रस्ताव सम्वत २०८० साल साउन १ गतेबाट लागू हुने व्यवस्था मिलाएको छु।

**सभाका अध्यक्ष महोदय, सभाका सदस्यज्युहरू**

यो बजेटको कार्यान्वयनमा नागरिक सहभागितालाई नागरिकको अधिकारको रूपमा स्थापित गरी स्वशासन र जनताप्रति पूर्ण जिम्मेवारपूर्वक भूमिका निर्वाह गर्ने कार्यमा हाम्रो सरकार पूर्ण प्रतिवद्ध छ।

यो बजेट तर्जुमाका लागि मार्गदर्शन गर्नुहुने नगर प्रमुख , नगर सभाका सदस्यहरू, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, सहकारी क्षेत्र र नागरिक समाज तथा पत्रकारहरू बाट प्राप्त सुझाव, सहयोग र सल्लाहप्रति हार्दिक आभार प्रकट गर्दछु। यो बजेटको सफल कार्यान्वयनमा सवै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेको छु। साथै, मुलुक भित्र र वाहिर रहनु भएका सवै नेपालीलाई "**सुन्दरबजार, साच्चिकै सुन्दर**" अभियानको हाम्रो यात्रामा सहभागी हुन आव्हान गर्दै बजेट छलफलका लागि सभा समक्ष पेस गर्दछु। धन्यबाद !!

**भवानी के.सी**

**उपप्रमुख**

# सुन्दरवजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालयको
## अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको
## आर्थिक ऐन, २०८०

**प्रस्तावना :**

सुन्दरबजार नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयनको निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरिवाना संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम सुन्दरबजार नगरपालिकाको नगर सभाले यो विधेयक बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस विधेयकको नाम **"आर्थिक विधेयक, २०८०"** रहेको छ।

(२) यो विधेयक २०७९ साल श्रावण १ गतेदेखि आर्थिक वर्ष २०८०/८१ को लागि सुन्दरबजार नगरपालिका क्षेत्रमा लागू हुनेछ।

२. **परिभाषा र व्याख्या :**

(क) "सम्पत्ति" भन्नाले कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा सुन्दरबजार नगरपालिकाको क्षेत्रभित्र बनेका घर, गोठ, टहरा, गोदाम समेतका संरचनार सो संरचनाले चर्चेको भूमि वा जग्गाको क्षेत्रफल र अधिकतम् सो क्षेत्रफल बराबरको थप भूमि वा जग्गा सम्झनु पर्छ।

(ख) "भूमि" भन्नाले कुनै व्यक्तिवा संस्थाको स्वामित्वमा सुन्दरबजार नगरपालिकाको क्षेत्रभित्र खण्ड (क) मा उल्लेख गरिएको बाहेकको अन्य भूमि वा जग्गा भएमा सोभूमि वा जग्गा सम्झनु पर्छ ।

(ग) "सवारी साधन" भन्नाले नगरपालिका क्षेत्र भित्रदर्ता भएका सवारी साधन भन्ने सम्झनु पर्छ ।

३. **सम्पत्ति कर :**

(१) सुन्दरबजार नगरपालिका भित्र रहेको सम्पत्तिमा सम्पत्तिको स्वामित्व कर्तालाई सम्पत्तिकर लगाई असूलउपर गरिने छ।

(२) उपदफा (१) अनुसार लगाईने सम्पत्ति कर **अनुसूची (१)** बमोजिम हुनेछ।

(३) सम्पत्ति करको लागि सम्पत्ति अन्तर्गत पर्ने जग्गाको मूल्यांकन गर्दा नगरपालिकाले विभिन्न समयमा गरेको मूल्यांकनलाई आधार लिईनेछ।

(४) सम्पत्ति कर निर्धारण प्रायोजनका लागि कुनै पनि भौतिक संरचनाको मूल्यांकन गर्दा **अनुसूची (२)** मा उल्लेख दर अनुसार गरिनेछ ।

(५) सम्पत्ति कर निर्धारण प्रयोजनका लागि कुनै पनि भौतिक संरचनाको मूल्यांकन गर्दा **अनुसूची (३)** मा उल्लेख दर अनुसार ह्रास कट्टी गरिनेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएपनि देहायको सम्पत्तिमा सम्पत्ति कर लाग्ने छैनः

(क) नेपाल सरकार, प्रदेश सरका र स्थानीयतहको स्वामित्वमा रहेको सम्पत्ति,

(ख) सरकारी अस्पतालको सम्पत्ति,

(ग) गुठीको स्वामित्वमा रहेको सम्पत्ति,

(घ) मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड र सरकारी संस्थानको सम्पत्ति,

(ङ) मुनाफाको उद्देश्य नराखी सञ्चालन भएका संघ, संस्थाको सम्पत्ति,

(च) धार्मिक संस्थाको सम्पत्ति,

(छ) खानेपानी सङ्कलन पोखरी, विद्युतगृह, मसानघाट, कब्रिस्तान, कर्वला, मजार, विमानस्थल, बसपार्क, रङ्गशाला, उद्यान, पार्कजस्ता सार्वजनिक उपयोगका स्थलहरू, र

(ज) राजदूतावास, वाणिज्य नियोग, कुटनीतिक नियोगका सम्पत्ति ।

(७) उपदफा (१) बमोजिम सम्पत्तिकर लागेको सम्पत्तिमा भूमिकर (मालपोत) लाग्ने छैन । तर सम्पत्ति कर लागू हुनुभन्दा अगाडिको बक्यौतामा भूमिकर (मालपोत) असूल गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

(८) सम्पत्ति कर नगरकार्यपालिकाको कार्यालय वा नगरपालिकाको वडा कार्यालयहरूमा दाखिला गर्न सकिनेछ ।

४. **भूमिकर ( मालपोत )** :

(१) कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको सुन्दरवजार नगरपालिका क्षेत्रभित्र रहेको भूमिमा **अनुसूची (१)** बमोजिम भूमिकर (मालपोत) लगाईने र असुलउपर गरिने छ ।

(२) भूमि करको प्रयोजनको लागि भूमिको मूल्यांकन गर्दा नगरपालिकाले विभिन्न समयमा गरेको मूल्यांकनलाई आधार लिनेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि देहायको भूमिमा भूमिकर लाग्ने छैनः

(क) नेपाल सरकार, प्रदेश सरका र स्थानीय तहको स्वामित्वमा रहेको सम्पत्ति,

(ख) सरकारी अस्पतालको सम्पत्ति,

(ग) गुठीको स्वामित्वमा रहेको सम्पत्ति,

(घ) मुनाफाको उद्देश्य नराखी सञ्चालन गरिएको सरकारी संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड र सरकारी संस्थानको सम्पत्ति,

(ङ) मुनाफाको उद्देश्य नराखी सञ्चालन भएका संघ, संस्थाको सम्पत्ति,

(च) धार्मिक संस्थाको सम्पत्ति,

(छ) खानेपानी सङ्कलन पोखरी, विद्युतगृह, मसानघाट, कब्रिस्तान, कर्वला, मजार, विमानस्थल, बसपार्क, रङ्गशाला, उद्यान, पार्कजस्ता सार्वजनिक उपयोगका स्थलहरू, र

(ज) राजदूतावास, वाणिज्य नियोग, कुटनीतिक नियोगका सम्पत्ति ।

(४) भूमिकर नगरकार्यपालिकाको कार्यालय वा नगरपालिकाको वडा कार्यालयहरूमा दाखिला गर्न सकिनेछ ।

## ५. सम्पत्ति तथा भूमिकर दाखिला नगरेमा लाग्ने शुल्क तथा जरिवाना र समयमा दाखिला गरेमा छुट

(१) प्रत्येक आर्थिक वर्षलाई लाग्ने दफा (३) बमोजिमको सम्पत्ति कर तथा दफा (४) बमोजिमको भूमिकर आर्थिक वर्ष समाप्त हुनु अघि दाखिला गर्नु पर्नेछ ।

(२) दफा ३ र ४ बमोजिम लाग्ने कर २०८० पौष मसान्तभित्र दाखिला गरेमा कर रकमको दश प्रतिशत रकम छुट हुनेछ ।

(३) सम्पत्तिकर तथा भूमिकर उपदफा (१) मा उल्लिखित समयमा दाखिला नगरेमा देहाय बमोजिम थप शुल्क लगाइनेछः

| | |
|---|---|
| म्याद गुज्रेको एक वर्षभित्र दाखिला गरेमा | कर रकमको २० प्रतिशत |
| म्यादगुज्रेको दुईवर्षभित्रदाखिला गरेमा | कर रकमको २५प्रतिशत |
| म्यादगुज्रेको तीनवर्षभित्रदाखिला गरेमा | कर रकमको ३०प्रतिशत |
| म्यादगुज्रेको चारवर्षभित्रदाखिला गरेमा | कर रकमको ४०प्रतिशत |
| म्यादगुज्रेको चारवर्ष पछि जहिले सुकै दाखिला गरेमा | कर रकमको ५०प्रतिशत |

## ६. घरवहाल कर :

(१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्तिवा संस्थाले भवन,घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा, वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा देहाय बमोजिम घर जग्गा वहाल कर लगाईने र असुलउपर गरिनेछ ।

(क) व्यवसायिक प्रयोजनका लागि बहालमा लिइएको भए, बहाल रकमको दश प्रतिशत, र

(ख) व्यक्तिगत प्रयोजनका लागि बहालमा लिइएको भए, बहाल रकमको दुई प्रतिशत ।

(२) घर बहालमा लिने संगठित संस्थाले दाखिला गर्नुपर्ने बहाल रकममा लाग्ने बहाल कर अर्धवार्षिक रुपमा पौष र असार मसान्तभित्र नगरकार्यपालिकाको कार्यालय वा घरजग्गा रहेको वडा कार्यालयमा दाखिला गर्नु पर्नेछ। नगरपालिकाको सञ्चित कोषमा दाखिला गरिएको बहाल कर रकम बहाला वालाले घर वा जग्गाधनीलाई तिर्नुपर्ने बहाल रकमको हिस्सा मानिनेछ।

(३) घर बहालमा लिने संगठित संस्थाले घर बहाल कर उपदफा (२) बमोजिम दाखिला गरेको नगरेको यकिन गरी नगरेको भए बहालमा लगाउनेले उपदफा (२) बमोजिमको म्याद भुक्तानभएको एक महिनाभित्र बहाल कर दाखिला गर्नुपर्नेछ। संगठित संस्थाले कट्टा गरी दाखिला नगरेको कर रकम बहालमा लगाउनेले दाखिला गरेको भए कट्टा गर्नेसँग असुल उपर गर्न सक्नेछ।

(४) संगठित संस्थाले नगरपालिका क्षेत्रभित्र घरजग्गाबहालमालिँदाअनिवार्य रुपमाबहाल सम्झौता गर्नु पर्नेछ। त्यस्तो बहाल सम्झौता एक महिनाभित्रनगरकार्यपालिकाकार्यालयमा पेश गर्नुपर्नेछ । यसअघि भएका सम्झौताहरू भाद्र मसान्तभित्रनगर नगरकार्यपालिकाकार्यालयमा पेश गर्नुपर्नेछ।

(५) उपदफा (३) बमोजिमको बहाल सम्झौताबहालमालिनेले तिर्ने वास्तविक रकमभन्दा घटी हुने गरी बहाल सम्झौता गरेको कारण तिर्नुपर्ने भन्दाकमबहाल कर तिरेको भए घटी भएजति रकमको शतप्रतिशत जरिवाना गर्न सकिनेछ।

(६) संगठित संस्थादेखि बाहेक अन्यलाई घर जग्गा बहालमा दिइएकोमा घर, घर जग्गा वा जग्गा धनीबाट बहाल कर असुल गरिनेछ।

(७) उपदफा (५) बमोजिमको बहाल कर अर्धवार्षिक रुपमा पौष र असार मसान्त भित्र नगर कार्यपालिकाको कार्यालय वा घरजग्गा रहेको वडा कार्यालयमा दाखिला गर्नु पर्नेछ। यस्तो रकम एकमुष्ठ रुपमा पौष मसान्त भित्र दाखिला गर्न सकिनेछ।

(८) उपदफा (६) बमोजिम बुझाउनु पर्ने बहाल कर रकम घटी हुने गरी दाखिला गरेको प्रमाणित भएमा घटी भएजति रकमको शतप्रतिशत जरिवाना गर्न सकिनेछ।

(९) नगर कार्यपालिकाले सार्वजनिक सूचना जारी गरी मासिक बीस हजार रुपैँया भन्दा बढि बहाल लिने गरी भएको बहाल सम्झौता अनिवार्य रुपमा पेश गर्न लगाउन सक्नेछ।

(१०) बहालकर निर्धारण प्रायोजनका लागि नगरपालिकाले वहाल रकमलाई समसामायिक एवं व्यवहारिक बनाउन कुनै क्षेत्र, सडक वा वस्तीलाई आधार मानेर बहालको न्यूनतम दर तोक्न सक्नेछ।

(११) उपदफा (१) बमोजिम बहाल कर निर्धारण प्रयोजनका लागि घर धनी र बहालमा बस्ने व्यक्ति वा संस्थाको बीचमा भएको सम्झौता वा नगरपालिकाले निर्धारण गरेको

न्युनतम बहाल दर जुन बढी हुन्छ सो बहालदरलाई आधार मानी बहालकर निर्धारण गर्न सकिनेछ ।

(१२) नगर कार्यपालिकाले बहाल कर संकलनको लागि प्रभावकारिता वृद्धि गर्नका लागि आवश्यक निर्णय लिन सक्नेछ ।

(१३) यस दफा बमोजिम तिर्नुपर्ने बहालकर दाखिला गर्नुपर्ने मितिमा दाखिला नगरेमा वार्षिक १५ प्रतिशतको दरले व्याज लगाई व्याजसमेत असुलउपर गरिनेछ ।

७. **व्यवसाय कर :**

(१) नगरपालिका क्षेत्र भित्रका व्यापार,व्यवसाय, वा सेवामा व्यवसायको प्रकृति, पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा **अनुसूची (४)** बमोजिम व्यवसाय कर लगाईने र असुलउपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको व्यवसाय कर असार मसान्त भित्र नगर कार्यपालिकाको कार्यालय वा व्यवसाय रहेको वडा कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

(३) व्यवसायको प्रकृति वा अन्य विवरण फरक पारी घटी कर तिरेको भए घटी भएजति रकमको शतप्रतिशतसम्म जरिवाना गर्न सकिनेछ ।

(४) उपदफा (२) बमोजिमको समयावधिमा व्यवसाय कर दाखिला नगरेमा वार्षिक १५ प्रतिशतको दरले व्याज लगाई व्याजसमेत असुलउपर गरिनेछ ।

(५) व्यक्तिगत घर निर्माण गर्ने निर्माण व्यवसायीलाई अनुसुची १४ बमोजिम दस्तुर लिई सुचिकृत गरिने छ ।

(६) व्यवसाय कर उठाउने प्रक्रियामा लमजुङ उद्योग वाणिज्य संघ सुन्दरबजार ईकाइ, लमजुङ उद्योग वाणिज्य संघ भोटेवडार ईकाइ र नेपाल चेम्बर अफकमर्स लमजुङसँग सहकार्य गरिनेछ ।

८. **सवारी साधन कर :**

(१) नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा **अनुसूची (५)** बमोजिम सवारी साधन कर लगाईने र असुल गरिनेछ ।

तर, प्रदेश कानून स्वीकृत भइ सो कानूनमा अन्य व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

(२) सवारी साधानको रुट ईजाजत दस्तुर र नबीकरण शुल्क अनुसूची (७) मा तोकिए बमोजिम हुनेछ ।

(३) यस दफा बमोजिमको कर यस आर्थिक वर्षभित्र असार मसान्तभित्र नगर कार्यपालिकाको कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको समयावधिमा व्यवसाय कर दाखिला नगरेमा वार्षिक १५ प्रतिशतको दरले व्याजलगाई व्याजसमेत असुलउपर गरिनेछ ।

९. **विज्ञापन कर :**

(१) नगरपालिका क्षेत्रभित्र हुने विभिन्न प्रकारका विज्ञापनमा **अनुसूची (६)** बमोजिम विज्ञापन कर लगाईने र असुल गरिनेछ ।

तर प्रदेशकानून स्वीकृत भइ सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

(२) यस्तो विज्ञापन कर उठाउने प्रयोजनका लागि नगरपालिकाले करार सम्झौता समेत गर्न सक्नेछ ।

(३) करार सम्झौतामा जुनसुकै कुरा लेखिएको भएतापनि करार भई विज्ञापन कर उठाउने अख्तियारी पाएको व्यक्ति वा संस्थाले नगरपालिकाले तोकेको ढाँचामा आर्थिक वर्ष २०७९/८० सम्म विज्ञापन कर बापत उठाएको नामनामेसी सहितको विवरण पेश नगरिञ्जेल सम्म सो करार सम्झौता नबीकरण भएको मानिने छैन ।

(४) सम्झौतामा अन्यथा उल्लेख भएको अवस्थामा बाहेक उपदफा (१) बमोजिमको कर असार मसान्त भित्र नगर कार्यपालिकाको कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको समयावधिमा कर दाखिला नगरेमा वार्षिक १५ प्रतिशतको दरले व्याज लगाई व्याजसमेत असुलउपर गरिनेछ ।

(६) करार सम्झौतामा जुनसुकै कुरा लेखिएको भएतापनि विज्ञापन कर उठाउने अख्तियारी पाएको व्यक्ति वा संस्था र विज्ञापन गर्ने व्यक्ति बीच विवाद भई सो व्यहोरा नगरपालिकाको जानकारीमा आएमा त्यस्तो विवादको निरुपण नगरपालिकाको न्यायिक समितिबाट हुनेछ ।

(७) उपदफा (१) बमोजिम असुल गरिएको विज्ञापन करको चालीस प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गरिनेछ ।

१०. **घर नक्सापास तथा अभिलेखीकरण दस्तुर :**

(१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र बन्ने नयाँ भौतिक संरचनाहरूको **अनुसूची (८)** मा उल्लेख भए बमोजिमको दरमानक्सापास दस्तुर लगाईने र असुल उपर गरिनेछ ।

(२) नगरपालिकाले आफ्नो क्षेत्र भित्र बनेका पुराना भौतिक संरचनाहरूको अभिलेखीकरण गर्दा **अनुसूची (९)** माउल्लेख भएबमोजिमको दरमानक्सापास दस्तुर लगाईने र असुल उपर गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको दस्तुर नक्सापास गरेको बखत नगर कार्यपालिकाको कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिमको दस्तुर अभिलेखीकरणको गरेको बखत नगर कार्यपालिकाको कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

(५) उपदफा (२) बमोजिमको समयावधिमा व्यवसाय कर दाखिला नगरेमा वार्षिक १५ प्रतिशतको दरले व्याज लगाई व्याजसमेत असुलउपर गरिनेछ ।

११. **दहत्तर बहत्तरशुल्क :**

(१) रोडा ढुङ्गा, गीट्टी, चिप्स माटो बालुवा चुनढुङ्गा र काठ दाउरामा दहत्तर बहत्तर शुल्क लगाई संकलन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्क प्रदेश कानुनले निर्धारण गरे बमोजिम **अनुसूची (१०)** बमोजिम हुने गरी संकलन गरिनेछ ।

(३) अनधिकृत तरिकाले दहत्तर वहत्तर (रोडा, ढुङ्गा, गीट्टी, चिप्स माटो, चुन्ढुङ्गा एवं काठ दाउरा) उत्खनन् गरेमा **अनुसूची (११)** बमोजिम प्रशासनिक दण्ड,जरिवाना गरी संकलन गरिनेछ ।

(४) आ.व २०८०/८१ मा EIA/IEE लगायतका आवश्यक प्रक्रिया पुरा गरी दहत्तर बहत्तर शुल्क लगाइनेछ ।

(५) संघ/प्रदेश सरकारका कार्यालयबाट संचालन हुने योजनाका लागि आवश्यक नदी जन्य कच्चा पदार्थ उत्खनन् गरेमा **अनुसूची (११)** बमोजिम हुने गरी संकलन गरिनेछ ।

(६) जग्गा चक्लाबन्दी लगायत निजि जग्गाबाट प्राकृतिक श्रोत उत्खनन् गरी बिक्रि गरेमा **अनुसूची (११)** बमोजिमहुने गरी संकलन गरिनेछ ।

१२. **पर्यटन शुल्क :**

(१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरूबाट नगर कार्यपालिकाले सार्वजनिक सूचना जारी गरी तोकेबमोजिमको दरमा पर्यटन शुल्क लगाईने र असुलउपर गर्न सक्नेछ ।

तर प्रदेश कानून स्वीकृत भइ सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही वमोजिम हुनेछ ।

(२) यस विधेयक बमोजिम पर्यटन शुल्क लगाउनका लागि नगर कार्यपालिकाले पर्यटकीय क्षेत्र र सो शुल्कका दरहरू समेत निर्धारण गर्न सक्नेछ ।

(३) पर्यटन शुल्क निर्धारण गर्दा पर्यटकीय क्षेत्रका लागि भएको लगानी, विकास तथा यसको महत्व समेतलाई दृष्टिगत गरी निर्धारण गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम तोकिएको शुल्क नगर कार्यपालिकाले निर्णय गरेपछि तत्काल पछि बस्ने नगरसभामा पेश गरी पारित गर्नु पर्नेछ ।

१३. **मनोरञ्जन कर :**

(१) नगरपालिका क्षेत्रभित्र सञ्चालित चलचित्र घर र प्रवेश शुल्क लिई सञ्चालन गरिने मेला महोत्सव, सर्कस, कन्सर्ट, साँस्कृतिक कार्यक्रम, खेलकुद, प्रदर्शनी समेतमा प्रवेश शुल्कको ५ प्रतिशत रकम मनोरञ्जन कर असुल गरिनेछ ।

(२) उपदफा (१) बमोजम असुल गरिने कर रकम चलचित्र घरधनीले मासिक रुपमा महिना समाप्त भएको एक महिनाभित्र नगर कार्यपालिकाको कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

(३) मेलामहोत्सव, सर्कस, कन्सर्ट, साँस्कृतिक कार्यक्रम, खेलकुद, प्रदर्शनी सञ्चालकले त्यस्ता कार्यक्रम हुनुपूर्व नगरपालिकाले तोकेको ढाँचामा नगरपालिकालाई लिखित रुपमा जानकारी गराउनु पर्नेछ ।

(४) मेलामहोत्सव, सर्कस, कन्सर्ट, साँस्कृतिक कार्यक्रम, खेलकुद, प्रदर्शनी सञ्चालकले त्यस्ता कार्यक्रम समाप्त भएको सात दिन भित्र उपदफा (१) बमोजिमको कर रकम नगर कार्यपालिकाको कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

(५) उपदफा (२) र (४) मा तोकिएको समय भित्र कर रकम दाखिला नगरेमा वार्षिक पन्ध्र प्रतिशतका दरले व्याज लगाई असुल उपर गरिनेछ ।

(६) प्रवेश शुल्क बापतको रकम घटी घोषण गरी घटी कर दाखिला गरेमा घटी भएजति रकमको शतप्रतिशत थप रकम समेत असुल गर्न सकिनेछ ।

(७) उपदफा (१) बमोजम असुल गरिने कर सम्बन्धमा प्रदेश आर्थिक विधेयकमा अन्यथा व्यवस्था भए सोही बमोजिम हुनेछ ।

(८) नगरपालिका क्षेत्र भित्र हुने विभिन्न प्रकारका मनोञ्जन ब्यवसायमा प्रदेश कानुनमा ब्यवस्था भए बमोजिम मनोरञ्जन कर लगाउनेछ ।

(९) उपदफा (१) बमोजिम असुल गरिएको मनोरञ्जन करको चालीस प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गरिनेछ ।

१४. **बहाल विटौरी शुल्क :**

(१) नगरपालिका भित्र रहेको सार्वजनिक जग्गामा बनाइएका संरचनाहरूबारे अध्ययन गरी संरचना निर्माण गर्ने समूह, व्यक्ति वा संस्थासँग सम्झौता गरी नगर कार्यपालिकाले बहाल बिटौरी शुल्क निर्धारण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारित बहाल बिटौरी शुल्क सोही सम्झौतामा उल्लेख गरिए अनुसार स्थानीय सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।

(३) नगरपालिकाका क्षेत्र भित्र नगरपालिका आफैंले पसल वा हाट बजार निर्माण वा रेखदेख वा संञ्चालन गरेमा सो निर्माण, रेखदेख वा सञ्चालन गर्नुपूर्व बहाल बिटौरी शुल्क निर्धारण गरी असुल उपर गर्ने पर्याप्त कानुनी व्यवस्था गरिनेछ ।

(४) उपदफा (१) र (३) बमोजिम निर्धारित शुल्क नगरसभाबाट अनुमोदन गर्नु पर्नेछ ।

१५. **पार्किङ शुल्क :**

(१) नगरपालिकाका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत नगरपालिकाले पार्किङ शुल्क लगाउन सक्नेछ ।

(२) शुल्कको दर, उठाउने तरिका लगायतका कार्यविधिगत व्यवस्थाहरू नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१६. **वातावरण प्रदुषण शुल्क :**

(१) नगरपालिका क्षेत्र भित्र रहेका वातावरणमा प्रतिकुल प्रभाव पार्ने उद्योग, व्यवसाय वा वातावरण प्रदुषणमा भूमिका निर्वाह गर्ने किसिमका वस्तु वा सेवाको कारोबार गर्ने व्यक्ति वा संस्थालाई आवश्यक शुल्क निर्धारण गरी वातावरण प्रदुषण शुल्क लगाईनेछ ।

१७. **सामुदायिक वनबाट आयप्राप्त गर्ने :**

(१) सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर बिक्री तथा उपयोग सम्बन्धी नगरपालिकाले तोके बमोजिमको ढाँचामा आर्थिक वर्ष २०८०/०८१ को कार्ययोजना २०८० भदौ मसान्त भित्र नगरपालिकाको राजस्व हेर्ने शाखामा पेश गर्नुपर्नेछ ।

(२) सामुदायिक वन उपभोक्ता समितिले वन पैदावर बिक्री गरेर आएको रकमको दश प्रतिशत बिक्री गरेको महिना समाप्त भएको एक महिनाभित्र स्थानीय सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(३) सामुदायिक वन उपभोक्ता समितिले २०८१ जेठ मसान्त भित्र नगरपालिकाले तोकेको ढाँचामा वन पैदावर बिक्री तथा उपयोग सम्बन्धी विवरण नगरपालिकाको राजस्व हेर्ने शाखामा पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको विवरणमा झुट्टा कुरा उल्लेख भएमा वा तिर्नुपर्ने रकमभन्दा घटी रकम दाखिला गरेमा घटी दाखिला गरे बराबरको थप रकम समेत सम्बन्धित सामुदायिक वन उपभोक्ता समितिबाट असुल उपर गरिनेछ ।

१८. **कवाडी कर**

(१) आ.व २०८०/८१ बाट यस नगरपालिका क्षेत्र भित्र संकल नहुने कवाडी सामाग्रीमा **अनूसूची १३** बमोजिम कर संकलन गरिनेछ ।

१९. **विविध कर, शुल्क तथा शिफारिस दस्तुर :**

(१) नगरपालिकाले आफैँले निर्माण, संचालन वा ब्यवस्थापन गरेका **अनुसूची (७)**मा उल्लेख भएअनुसारका स्थानीय पूर्वाधार र सेवाग्राहीहरूलाई उपलब्ध गराएको सेवा मा शुल्क तथा सिफारिस दस्तुर सोही अनुसूचीमा व्यवस्था भए बमोजिम लगाइने र असुल उपर गरिनेछ ।

२०. **कर छुटः**

यस विधेयक बमोजिम कर तिर्ने दायित्व भएका व्यक्तिवा संस्थाहरूलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

२१. **कर तथाशुल्क संकलन सम्बन्धी कार्यविधिः**

(१) यस विधेयकमा स्पष्ट उल्लेख भएको बाहेक कर तथा शुल्क सम्बन्धी कार्यविधि नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) यस विधेयक बमोजिम असुल गर्ने कर रकम यकिन गर्न नगरपालिकाको राजस्व हेर्ने

शाखाले लिखित सूचना जारी गरेर कुनै व्यक्ति वा संस्थासँग नगर कार्यपालिकाले तोकेको ढाँचामा विवरणहरू माग गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम माग गरिएका विवरणहरू सोही सूचनामा उल्लेख गरिएको समयभित्र दाखिला गर्नुपर्नेछ।

(४) यस दफा बमोजिमको सूचना नदिएमा वा झुट्टा सूचना दिएमा अवस्था हेरी रु. ५,००० सम्म जरिवाना गर्न सकिनेछ।

## २२. विविध :

(१) नेपालको संविधान २०७२ को धारा ५७ (५), १०९, १६२ (४), १९७, २१४ (२), २२१ (२), र २२६ (१) सँग सम्वन्धित अनुसूची ९ अनुसार संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा परेका अधिकारहरूको हकमा प्रदेश तथा संघिय कानून स्वीकृत भइ सोही कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

(२) यस विधेयक बमोजिम कर, शुल्क तथा दस्तुर संकलनका लागि नगरपालिकाले निजी क्षेत्रको सीप, क्षमता र पूँजीलाई अधिकतम उपयोग गर्ने गरी आवश्यक रणनीति निमार्ण गरी सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार आवश्यकता र प्रभावकारीता समेतलाई मध्यनजर गरी केही आयोजना कार्यान्वयन गर्न सक्नेछ।

(३) आफ्नो अधिकार क्षेत्रभित्रको कर, शुल्क तथा दस्तुरहरू निर्धारण एवं संकलन गर्ने सन्दर्भमा नगरपालिकाले सरकारी वा गैर सरकारी संस्था, नगरबासीहरू र सरोकारवालाहरू समेतको आवश्यक परामर्श एवं सहयोग लिन सक्नेछ।

(४) यस विधेयकमा उल्लेख भएका प्रावधानहरू संघीय वा प्रादेशिक कानूनसँग बाझिएको हदसम्म अमान्य हुनेछ।

## २३. करको दायरामा आउनेलाई सहुलियत

(१) आ.व. २०७८/७९ सम्म सम्पत्ति कर, भूमिकर नतिर्ने करदाताले आ.व. २०७९/८० सम्मको सम्पत्ति कर र भूमिकर तथा सो करमा लाग्ने जरिवानको पच्चीस प्रतिशत रकम २०८० असोज मसान्त भित्र दाखिला गरे बाँकी जरिवाना मिनाहा हुनेछ।

(२) बहाल कर तिर्नुपर्ने दायित्व भएको करदाताले २०७८/७९ सम्मको बहाल करको रकम मध्ये व्यवसायिक प्रयोजनका लागि बहालमा लगाइएकोमा बहाल रकमको पाँचप्रतिशत र व्यक्तिगत प्रयोजनका लागि बहालमा लगाइएकोमा बहाल रकमको एक प्रतिशत रकम र आ.व. २०७९/८० को बहालकर रकम २०८० असोज मसान्तभित्र दाखिला गरे बाँकी जरिवाना मिनाहा हुनेछ।

(३) व्यवसाय कर तिर्नुपर्ने दायित्व भएको करदाताले २०७८/७९ सम्मको व्यवसाय करको रकममध्ये पच्चीस प्रतिशत रकम र आ.व. २०७९/८० का व्यवसाय कर रकम २०८०

असोज मसान्त भित्र दाखिला गरे बाँकी जरिवाना मिनाहा हुनेछ ।

(४) २०८० असोज मसान्त भित्र नगरपालिका क्षेत्र भित्रका पुराना भौतिक संरचनाहरूको अभिलेखीकरण गर्न आएमा दफा १० को उपदफा (२) बमोजिम लाग्ने नक्सापास दस्तुरमा पच्चीस प्रतिशत छुट हुनेछ ।

२४. **खारेजी र बचाऊः**

(१) आर्थिक विधेयक, २०७५ ले आर्थिक विधेयक, २०७४ लाई खारेज गरेको मानिनेछ । आर्थिक विधेयक, २०७४ बमोजिम भए गरेका कार्यहरू आर्थिक विधेयक, २०७५ बमोजिमभए गरेको मानिनेछ। कर दाखिलागर्नेआर्थिक वर्ष जुनसुकै भए पनि आर्थिक वर्ष २०७४/७५ को करहरूको सम्बन्धमा आर्थिक विधेयक, २०७४ ले गरेको व्यवस्थाहरू मात्र लागू हुनेछन् ।

(२) आर्थिक विधेयक, २०७६ ले आर्थिक विधेयक, २०७५ लाई खारेज गरेको मानिनेछ । आर्थिक विधेयक, २०७५ बमोजिम भए गरेका कार्यहरू आर्थिक विधेयक, २०७६ बमोजिम भए गरेको मानिनेछ । कर दाखिला गर्ने आर्थिक वर्ष जुनसुकै भए पनि आर्थिक वर्ष २०७५/७६ को करहरूको सम्बन्धमा आर्थिक विधेयक, २०७५ ले गरेको व्यवस्थाहरू मात्र लागू हुनेछन् ।

(३) आर्थिक विधेयक, २०७७ ले आर्थिक विधेयक, २०७६ लाई खारेज गरेको मानिनेछ । आर्थिक विधेयक, २०७६ बमोजिम भए गरेका कार्यहरू आर्थिक विधेयक, २०७७ बमोजिम भए गरेको मानिनेछ । कर दाखिला गर्ने आर्थिक वर्ष जुनसुकै भएपनि आर्थिक वर्ष २०७६/७७ को करहरूको सम्बन्धमा आर्थिक विधेयक, २०७६ ले गरेको व्यवस्थाहरू मात्र लागू हुनेछन् ।

(४) आर्थिक विधेयक, २०७८ ले आर्थिक विधेयक, २०७७ लाई खारेज गरेको मानिनेछ । आर्थिक विधेयक, २०७७ बमोजिम भए गरेका कार्यहरू आर्थिक विधेयक, २०७८ बमोजिम भए गरेको मानिनेछ। कर दाखिला गर्ने आर्थिक वर्ष जुनसुकै भए पनिआर्थिक वर्ष २०७७/७८ को करहरूको सम्बन्धमा आर्थिक विधेयक, २०७७ ले गरेको व्यवस्थाहरू मात्र लागू हुनेछन् ।

(५) आर्थिक विधेयक, २०७९ ले आर्थिक विधेयक, २०७८ लाई खारेज गरेको मानिनेछ । आर्थिक विधेयक, २०७८ बमोजिम भए गरेका कार्यहरू आर्थिक विधेयक, २०७९ बमोजिम भए गरेको मानिनेछ । कर दाखिला गर्ने आर्थिक वर्ष जुनसुकै भए पनि आर्थिक वर्ष २०७८/७९ को करहरूको सम्बन्धमा आर्थिक विधेयक, २०७८ ले गरेको व्यवस्थाहरू मात्र लागू हुनेछन् ।

(६) आर्थिक विधेयक, २०७९ लाई खारेज गरिएको छ ।

(७) आर्थिक विधेयक, २०७९ बमोजिमभए गरेका कार्यहरू यसै विधेयक बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१

## आ.व. २०८०/८१ को सम्पत्ति तथा कर विवरण

| | सम्पत्ति तथा भूमिको मूल्यांकन (रु.) | | कर रकम रु. |
|---|---|---|---|
| क्र.सं. | देखि | सम्म | |
| १ | १ | १००००० | १०० |
| २ | १००००१ | २५०००० | १२५ |
| ३ | २५०००१ | ४००००० | १५० |
| ४ | ४००००१ | ६००००० | १७५ |
| ५ | ६००००१ | ८००००० | १८५ |
| ६ | ८००००१ | १०००००० | २०० |
| ७ | १००००००१ | १२५०००० | २५० |
| ८ | १२५०००१ | १५००००० | ३०० |
| ९ | १५००००१ | १७५०००० | ३५० |
| १० | १७५०००१ | २०००००० | ४०० |
| ११ | २००००००१ | २२००००० | ५०० |
| १२ | २२००००१ | २४००००० | ६०० |
| १३ | २४००००१ | २६००००० | ७०० |
| १४ | २६००००१ | २८००००० | ८०० |
| १५ | २८००००१ | ३०००००० | ९०० |
| १६ | ३००००००१ | ३२५०००० | १२०० |
| १७ | ३२५०००१ | ३५००००० | १४५० |
| १८ | ३५००००१ | ३७५०००० | १७०० |
| १९ | ३७५०००१ | ४०००००० | १९५० |
| २० | ४००००००१ | ४२५०००० | २२०० |
| २१ | ४२५०००१ | ४५००००० | २४५० |
| २२ | ४५००००१ | ४७५०००० | २७५० |
| २३ | ४७५०००१ | ५०००००० | ३००० |
| २४ | ५००००००१ | ६०००००० | ३५०० |
| २५ | ६००००००१ | ७०००००० | ५००० |
| २६ | ७००००००१ | ८०००००० | ६५०० |
| २७ | ८००००००१ | ९०००००० | ८००० |
| २८ | ९००००००१ | १०००००००० | १०००० |

| | | | |
|---|---|---|---|
| २९ | १००००००१ | १२०००००० | १२००० |
| ३० | १२००००००१ | १४०००००० | १४००० |
| ३१ | १४००००००१ | १६०००००० | १६००० |
| ३२ | १६००००००१ | १८०००००० | १८००० |
| ३३ | १८००००००१ | २०००००००० | २०००० |
| ३४ | २००००००१ | २५०००००० | २५००० |
| ३५ | २५००००००१ | ३००००००० | ३०००० |
| ३६ | ३००००००१ | ३५०००००० | ३५००० |
| ३७ | ३५००००००१ | ४००००००० | ४०००० |
| ३८ | ४००००००१ | ४५०००००० | ५०००० |
| ३९ | ४५००००००१ | ५००००००० | ६०००० |
| ४० | ५००००००१ | माथि | रु २ प्रतिहजार |

## अनुसूची २
## आ.व २०८०/८१ संरचनाको मूल्यनिर्धारण

| | RCC Frame RCC ढलान प्रति SQF. | सिमेन्टको जोडाईमा ईट्टा ढुङ्गाको गाह्रो RCC ढलान प्रति SQF. | माटोको जोडाईमा ईट्टा ढुङ्गाको गाह्रो RCC ढलान प्रति SQF. | RCC Frame जस्ताको छाना प्रति SQF. | सिमेन्टको जोडाईमा ईट्टा ढुङ्गा, ब्लकको गाह्रो जस्ता स्टलको छाना प्रति SQF. | माटोको जोडाईमा ईट्टा ढुङ्गाको गाह्रो जस्ता स्टलको छाना प्रति SQF. | माटोको जोडाईमा ईट्टा ढुङ्गाको गाह्रो खरको छाना प्रति SQF. |
|---|---|---|---|---|---|---|---|
| व्यापारिक | १२०० | १००० | ८५० | ७५० | ५०० | ४५० | २०० |
| आवसीय | ११५० | ९५० | ८०० | ७०० | ४५० | ४०० | १५० |
| कृषि | ११०० | ९०० | ७५० | ६५० | ४०० | ३५० | १०० |

# अनुसूची ३

## आ.व २०८०/८१ को भौतिक संरचनाको आयू र ह्रासकट्टि सम्बन्धी व्यवस्था

| भैतिक संरचनाको वर्गिकरण | संरचनाको आयु (वर्ष) | भौतिक संरचनाको आयू र ह्रासकट्टि दर (प्रतिशतमा) | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ०–५ | ५–१० | १०–१५ | १५–२० | २०–२५ | २५–३० | ३०–३५ | ३५–४० | ४०–४५ | ४५–५० | ५०–५५ | ५५–६० | ६०–६५ | ६५–७० | ७०–७५ |
| पक्कीआर. सि.सि | ७५ | १० | १९ | २७ | ३४ | ४१ | ४७ | ५२ | ५७ | ६१ | ६५ | ६९ | ७२ | ७५ | ७७ | ७९ |
| सिमेन्टको जोडाईमा ईट्टा ढुङ्गाको गाह्रोमा ढलान | ५० | ११ | २१ | ३० | ३७ | ४४ | ५० | ५६ | ६१ | ६५ | ६९ | ७२ | ७५ | ७८ | ८० | ८३ |
| माटोको जोडाईमा ईट्टा ढुङ्गाको गाह्रोमा ढलान | ५० | १२ | २३ | ३२ | ४० | ४७ | ५४ | ५९ | ६४ | ६८ | ७२ | ७५ | ७८ | ८१ | ८३ | ८५ |
| पक्काआर. सि.सि जस्ताको छाना | ४० | १३ | २४ | ३४ | ४३ | ५० | ५७ | ६२ | ६७ | ७१ | ७५ | ७८ | ८१ | ८४ | ८६ | ८८ |
| सिमेन्टको जोडाईमा ईट्टा ढुङ्गाको गाह्रोमा जस्ताको छाना | ४० | १४ | २६ | ३६ | ४५ | ५३ | ६० | ६५ | ७० | ७४ | ७८ | ८१ | ८४ | ८६ | ८८ | ९० |
| माटोको जोडाईमा ईट्टा ढुङ्गाको गाह्रोमा जस्ता,स्लेटको छाना | ३५ | १५ | २८ | ३९ | ४८ | ५६ | ६२ | ६८ | ७३ | ७७ | ८० | ८३ | ८६ | ८८ | ९० | ९१ |
| माटोको जोडाईमा ईट्टा ढुङ्गाको गाह्रोमा खर वाअन्यको छाना | २० | १९ | ३४ | ४७ | ५७ | ६५ | ७२ | ७७ | ८१ | ८५ | ८८ | ९० | ९२ | ९४ | ९५ | ९६ |

# अनुसूचि ४

## आ.ब. २०८०/८१ को व्यवसाय कर:

१. सेवा मूलक व्यवसाय

(क) होमस्टे (ख) होटेल (ग) रेष्टुरेण्ट (घ) मोटर साइकल तथा गाडीको वर्कसप अन्य सेवा (जस्तैः व्युटी पार्लर, कपाल काट्ने, जिम वित्तीय सेवा, थ्रेसर ट्याक्टर, स्वास्थ्य सेवा (औषधि पसल, क्लिनिक, अस्पताल)

२. उत्पादन मूलक व्यवसाय

(क) निर्माणसँग सम्बन्धित प्रदूषण गर्ने (ख) निर्माणसँग सम्बन्धित प्रदूषण नगर्ने

(ग) खाद्यवस्तु उत्पादन (कृषिजन्य) (घ) काठ तथाधातुको फर्निचर

३. व्यापार

(क) रक्सी, चुरोटमात्र (ख) रक्सी, चुरोट सहित

(ख) रक्सी, चुरोट बाहेक

४. व्यवसायकरका दरहरू

| क.सं. | व्यवसायको विवरण | कर रकम रु. | | |
|---|---|---|---|---|
| | स्तर | क रु | ख रु | ग रु |
| १) | पर्यटन उद्योग | | | |
| १.१ | होमस्टे | ३०० | १०० | |
| १.२ | होटल, लजएवं साधारण होटल | १००० प्रा.ली | ५०० | ३०० |
| १.३ | रेष्टुरेन्ट (मःम,तास,सेकुवा आदि) | ७०० | ४०० | |
| २) | व्यापारिक वस्तु | | | |
| २.१ | खाद्यान्न, किराना डिलर र खूद्रा | १५०० | १००० | खुद्रा मात्र ५०० |
| २.२ | कपडा तथा फेन्सी पसल | १५०० | १००० | ७०० कपडा फेन्सी ग्रामिण क्षेत्र |
| २.३ | आयल पम्प | १५०० | | |
| २.४ | विद्युत सामान तथा विद्युतीय सामाग्री टिभी, घडी, रेडियो बिक्री | १००० | ५०० | |
| २.५ | हेभीइक्विपमेन्ट बस, ट्रक कारखाना मर्मत | २००० | | |
| २.६ | मोटरसाइकल मर्मत | ८०० | | |
| २.७ | साइकल मर्मत | ५०० | | |
| २.८ | निर्माण सामाग्री (हार्डवेयर) | २००० | १००० | |
| २.९ | सून चाँदी पसल (ज्वेलेरी) | १५०० | १००० | |
| २.१० | उनी धागो पसल | ३०० | | |

| | | | | |
|---|---|---|---|---|
| २.११ | जूत्ता चप्पल पसल | ८०० | ५०० | |
| २.१२ | सपिङ सेन्टर | १००० | ५०० | |
| ३) | अन्य सेवा | | | |
| ३.१ | विविध श्रृगार पसल (थोक/खुद्रा) | ८०० | ४०० | |
| ३.२ | ब्युटी पार्लर | ५०० | | |
| ३.३ | फर्नीचर पसल | १२०० | ८०० | |
| ३.४ | भांडा र गिफ्ट पसल (थोक/खुद्रा) | १००० | ५०० | |
| ३.५ | पूल हाउस (प्रतिवोर्ड रु) | ४०० | | |
| ३.६ | भिडियो गेमप्रति स्किम रु २००। | २०० | | |
| ३.७ | पूस्तक तथा पत्रिका पसल | १००० डिलर | ५०० | |
| ३.८ | नर्सरी र फलफुलका विरुवा बिक्री वितरण | २०० | | |
| ३.९ | संस्थागत पेन्टर | २०० | | |
| ३.१० | तरकारी पसल | ५०० | | |
| ३.११ | वीज भण्डार | ५०० | २०० | |
| ३.१२ | मासु पसल | ८०० | ४०० | |
| ३.१३ | कपडा सिलाई | ८०० | ५०० | |
| ३.१४ | हेयर कटिङ | १५०० | | |
| ३.१५ | आर्ट | ३०० | | |
| ३.१६ | फोटो स्टुडियो | ८०० | ५०० | |
| ३.१७ | रंगरोगन पसल | १००० | ५०० | |
| ३.१८ | जिमहाउस | १५०० | | |
| ४) | मर्मत संभार | | | |
| ४.१ | रेडियो टिभी घडी, प्रेशर कुकर, हिटर, टेलिफोन सेट पंखा तथा स्टोभ, विद्युत सामाग्री मर्मत केन्द्र | ८०० | ३०० | |
| ४.२ | मोबाईल पसल विक्री तथा मर्मत केन्द्र | १००० | | |
| ५) | सेवा उद्योग | | | |
| ५.१ | डाइभिङ इन्स्टिच्युट | १५०० | १००० | |
| ५.२ | चलचित्र मन्दिर | १००० | १००० | |
| ५.३ | ल्याब तथा फोटोग्राफी | १००० | ५०० | |
| ५.४ | छापाखाना | १००० | ५०० | |
| ६) | कृषि तथा वनजन्य उद्योग | | | |

| | | | | |
|---|---|---|---|---|
| ६.१ | कृषि तथा वन पैदावारमा आधारित उद्योग व्यवसाय, फर्नीचर उद्योग आदी | १५०० | १००० | |
| ७) | उर्जा मुलुक | | | |
| ७.१ | वायो ग्यास तथा सौर्य प्रविधि र अन्य श्रोतहरु | १५०० | १००० | |
| | | | | |
| ८) | उत्पादन मुलुक उद्योग | | | |
| ८.१ | पाउरोटी भण्डार | ५०० | ५०० | |
| ८.२ | मिल कूटानी पिसानी | १००० | ५०० | |
| ८.३ | आइसक्रिम उद्योग तथा पसल | ५०० | | |
| ८.४ | कपास उद्योग | १००० | | |
| ८.५ | व्यवसायीक थ्रेसर ट्क्टर | ५०० | | |
| ९) | वितीय सेवा | | | |
| ९.१ | बैंक क , ख , ग वर्ग | १२००० क वर्ग | ८००० ख वर्ग | ६००० ग वर्ग |
| ९.२ | वितिय संस्था/ लघुवित/विमा कम्पनी | ५००० | | |
| ९.३ | कृषि तथा दुग्ध सहकारी | ५०० | | |
| ९.४ | बहुउदेशिय सहकारी | ३००० | | |
| ९.५ | बचत तथा ऋण सहकारी | २००० | | |
| ९.६ | रेमिटेन्स सेवा | १००० | | |
| १०) | स्वास्थ्य सेवा | | | |
| १०.१ | निजी अस्पताल | ७००० | | |
| १०.२ | सामुदायिक अस्पताल | ५००० | | |
| १०.२ | नर्सिङ होम | ७००० | | |
| १०.३ | क्लिनिक तथा ल्याव | १५०० | | |
| १०.४ | औषधि पसल फार्मेसी | ३००० | | |
| १०.५ | दाँतबनाउने पसल | १५०० | | |
| १०.६ | आँखा जाँच तथा चस्मा पसल | १००० | | |
| १०.७ | चिकित्सक विशेषज्ञ (स्वा.सहायक, कविराज) | ५०० | | |
| ११) | शिक्षा सेवा | | | |
| ११.१ | निजी क्षेत्रका बोर्डिङ स्कुल क्याम्पस मा.वि. र आ.वि | २००० | १००० आधार भूत विद्यालय | |

| | | | | |
|---|---|---|---|---|
| ११.२ | टाईपिङ, कम्प्यूटर सिकाउने तथा भाषा प्रशिक्षण संस्था | १००० | | |
| ११.३ | सिलाई, बुनाई, पेन्टिङ, कटिङ प्रशिक्षण, टेलरिङ | १००० | | |
| ११.४ | टेक्निकल इन्स्चियुट | १५०० | | |
| १२) | निर्माण व्यवसायी | | | |
| १२.१ | निर्माण व्यवसायी दर्ता | २०००० | | |
| १२.२ | निर्माण व्यवसायी नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्य( वसायमा क, ख, ग | ८०००।,५०००।,३०००।, | | |
| १२.३ | निर्माण व्यवसायी नविकरण | २००० | | |
| १३) | संचार सेवा | | | |
| १३.१ | निजी क्षेत्रका इन्टरनेट /नेट टि.भी. प्रदायक कम्पनी/संस्था | ५००० | | |
| १४) | विशेषज्ञ परार्मश तथा अन्य व्यवसायिक सेवा | | | |
| १४.१ | ल फर्मदर्ता | १००० | ५०० | |
| १४.२ | ल फर्म | १००० | ५०० | |
| १४.३ | भाषा अनुवाद | २००० | | |
| १४.४ | लेखापढी व्यवसाय | १००० | | |
| १४.५ | कन्सल्टेन्सी फर्म (ईन्जिनियर) | १०००० | | |
| १४.४ | ज्योतिस | ३०० | | |
| १४.५ | अडिटर फर्म CA, ख, ग, घ | CA१००००।,ख ५०००।, ग ३०००।,घ २००० | | |
| १४.६ | ट्युसन सेन्टर | १५०० | | |
| १५) | अन्यव्य वसाय | | | |
| १५.१ | कवाडी सामानको थोक बिक्रेता | ३००० | | |
| १५.२ | टेण्ट हाउस | १००० | ८०० | |
| १५.३ | लाउण्ड्री पसल (धोवि) | १००० | | |
| १५.४ | मादल पसल | ५०० | | |
| १५.५ | माटोको भांडा बनाउने | ५०० | | |
| १५.६ | मिठाई पसल | १००० | ५०० | |
| १६) | सा. उद्योग | | | |

| | | | | |
|---|---|---|---|---|
| १६.१ | इट्टा भट्टा | चिम्नी इट्टा भट्टा २५,०००<br>लोक्कल इट्टा भट्टा १०,००० | | |
| १६.२ | कटिङ ढुंगा उद्योग | २५०० | | |
| १६.३ | ग्रिल उद्योग | २५०० | १५०० | |
| १६.४ | अन्य उद्योग | १५०० | १००० | |
| १६.५ | ब्लक उद्योग | २५०० | | |
| १७) | टावर | | | |
| १७.१ | घरमाथि टावर निर्माण गर्दा | ५००० | | |
| १७.२ | जमिनमा टावर निर्माण | ४००० | ४००० | |
